Symbol No. ....................

RE - 1021'KoP'

**SEE 2082 (2026)**

**अनिवार्य नेपाली**

**समय : ३ घण्टा** **पूर्णाङ्क : ७५**

**दिइएको निर्देशनका आधारमा आफ्नै शैलीमा सिर्जनात्मक उत्तर लेख्नुहोस् :**

**१. समूह 'क' मा दिइएका शब्दको अर्थ समूह 'ख' बाट पहिचान गरी जोडा मिलाउनुहोस् :** २

| समूह 'क' | समूह 'ख' |
|---|---|
| अजस्र | कामको तौरतरिका |
| फसाद | धेरै |
| निष्ठा | समृद्धि |
| भाँती | दसी |
| | आस्था |
| | झमेला |

**२. दिइएको अनुच्छेदबाट उपयुक्त शब्द पहिचान गरी खाली ठाउँ भर्नुहोस् :** २

एक दशकपछि विनय विदेशबाट स्वदेश फर्कियो । उसले आफ्नै गाउँमा बसेर आर्थिक प्रगति हुने काम गर्ने सोच राख्यो । उसले सरकारलाई कर तिरी असल उद्यमी बन्ने निर्णय गर्‍यो ।

(क) 'उन्नति' को पर्यायवाची शब्द............हो ।

(ख) 'विदेश' को विपरीतार्थक शब्द............हो ।

(ग) अनेकार्थी शब्द ............. हो ।

(घ) 'दश वर्षको अवधि' जनाउने पदावलीको सिङ्गो शब्द............हो ।

**३. दिइएको अनुच्छेदबाट एउटा टुक्का र एउटा अनुकरणात्मक शब्द पहिचान गरी अनुच्छेदको भन्दा फरक वाक्यमा प्रयोग गर्नुहोस् :** २

समयमै आफ्नो काम फटाफट फत्ते गर्ने व्यक्तिको उन्नति चाँडै हुन्छ । कानमा तेल हालेर बस्ने प्रवृत्तिले व्यक्ति, समाज र राष्ट्रको अपेक्षित उन्नति हुँदैन । त्यसैले खुरुखुरु आफ्नो काममा ध्यान दिनु बुद्धिमानी हुन्छ ।

**४. (क) दिइएका शब्द समूहबाट शुद्ध शब्द छानी लेख्नुहोस् :** १

| | | | | |
|---|---|---|---|---|
| (अ) | चिरन्जीवी | चिरञ्जीवी | चिरङ्जीवी | चिरंजीवी |
| (आ) | शशक्त | शसक्त | षशक्त | सशक्त |

**(ख) दिइएको वाक्यलाई शुद्ध पारी लेख्नुहोस् :** २

प्राचिन ऋषिमूनिले अनेकौं सभ्यता संस्कृति, पूर्वीय दर्शन र ज्ञानको ज्योति संसार भर फिँजाए ।

**५. दिइएको अनुच्छेदमा रेखाङ्कित गरिएका शब्दको पदवर्ग पहिचान गरी लेख्नुहोस् :** ३

<u>विद्वान्‌ले</u> देशको विकास हुँदा देशवासीको भलो हुने विचार व्यक्त गरे । हामी सबै <u>आफ्नो</u> राष्ट्र<u>प्रति</u> इमानदार र कर्तव्यनिष्ठ <u>हुनुपर्छ</u> <u>भन्ने</u> धारणा पनि <u>उनले</u> प्रस्तु गरे ।

क्रमशः

**६. दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :** २+२= ४

**(क) दिइएको अनुच्छेदबाट उपसर्ग लागेका दुईओटा र प्रत्यय लागेर बनेका दुईओटा शब्द पहिचान गरी निर्माण प्रक्रियासमेत देखाउनुहोस् :**

नेपालमा हिमाली सौन्दर्यको स्वर्गीय आनन्द अनुभव गर्न पाइन्छ । यहाँ नेपालीको हार्दिकतामा चुर्लुम्म डुब्न पाइन्छ । तसर्थ विदेशी पर्यटक नेपाललाई आफ्नो यात्राको उत्कृष्ट गन्तव्य बनाउन चाहन्छन् ।

**(ख) दिइएको अनुच्छेदबाट एउटा समस्त शब्द पहिचान गरी विग्रह गर्नुहोस्, एउटा विग्रह पदावली पहिचान गरी समस्त शब्द बनाउनुहोस् र द्वित्व भएर बनेका दुईओटा शब्द पहिचान गरी निर्माण प्रक्रिया देखाउनुहोस् :**

हिजो बिहानै डाँडाघरे सान्दाइ देवघाट धामतिर हिँडे । बाटाका लागि खर्च कटाएर भए पनि परिवारलाई तीन नदीको समूह भएको स्थानबाट मर्मसला हालेको मिठाइसिठाइ ल्याइदिउँला भन्दै उनी झोलासोला बोकेर बाटो लागे ।

**७. दिइएका वाक्यलाई अज्ञात पक्षमा परिवर्तन गर्नुहोस् :** २

ऊ बन्दीपुर गयो । उसले केबुलकार चढ्यो । ऊ त्यहाँको सुन्दरता देखेर रमायो । ऊ खुसी भएर घर फर्कियो ।

**८. कुनै एक प्रश्नको उत्तर लेख्नुहोस् :** २

(क) सम्भावनार्थक भावका फरक फरक क्रियापदको प्रयोग गरी चार वाक्यमा आफ्नो भावी योजनाको वर्णन गर्नुहोस् ।

**(ख) दिइएका प्रथम पुरुषका वाक्यलाई तृतीय पुरुषमा परिवर्तन गर्नुहोस् :**

हामी नेपाली हौँ । हामी स्वाभिमानी छौँ । हामी मुलुकमा शान्ति र विकास चाहन्छौँ । हामी स्वदेशको उन्नतिमा लाग्छौँ ।

**९. कोष्ठकमा दिइएका सङ्केतका आधारमा वाक्य परिवर्तन गर्नुहोस् :** ४

(क) पोखरा नेपालको एक सुन्दर स्थल हो । पर्यटक पोखरा घुम्न रुचाउँछन् । (वाक्य संश्लेषण)

(ख) विद्यार्थी शान्त वातावरणमा परीक्षा दिँदै छन् । (कर्तृवाच्य)

(ग) पर्यटक सगरमाथाको आरोहण गर्छ । (प्रेरणार्थक)

(घ) बुवाले छोरालाई भन्नुभयो, "तिमी स्वदेशमै बसेर पढ ।" (अप्रत्यक्ष कथन)

**१०. दिइएको अनुच्छेद पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :** ४

कर्तव्यभन्दा अधिकार नै महान् छ। व्यक्तिको व्यक्तित्व विकास र जीवनयापनका लागि अधिकार नितान्त अनिवार्य कुरा हो । हेक्का राखौँ, अधिकारले मात्र मानिसको स्वतन्त्रताको रक्षा गर्छ, कर्तव्यले होइन । अधिकारको <u>बगैँचामा</u> व्यक्तित्वको फूल फुल्छ व्यक्तिले परिवार, समाज र राज्यबाट प्राप्त गर्ने अधिकार पाउनुपर्छ र मात्र त्यो व्यक्तिको समग्र व्यक्तित्व उज्यालो बन्छ । सानो छँदा राम्रो लालनपालन र पोषणयुक्त खाना पाउने अधिकार पाउनुपर्छ । अलिक हुर्कँदै जाँदा शिक्षा र स्वास्थ्यको अधिकार पाउनुपर्छ । पढिसकेपछि उसले व्यवसाय र रोजगारको स्वच्छ प्रतिस्पर्धामा

क्रमशः

सहभागी हुने अधिकार पाउनुपर्छ । यसो भयो भने मात्र व्यक्तिको व्यक्तित्वको विकास हुन सक्छ । हरेक व्यक्तिको विकास हुनु नै त्यो परिवार, समाज र राष्ट्रको समेत विकास हुनु हो ।

**प्रश्नहरू**

(क) 'यसो भयो भने मात्र व्यक्तिको व्यक्तित्वको विकास हुन सक्छ ।' वाक्यलाई अकरणमा परिवर्तन गर्नुहोस् ।

(ख) रेखाङ्कित 'बगैँचामा' शब्दको कारक र विभक्ति पहिचान गरी लेख्नुहोस् ।

(ग) 'उसले व्यवसाय र रोजगारको स्वच्छ प्रतिष्पर्धामा सहभागी हुने अधिकार पाउनुपर्छ ।' यस वाक्यको उद्देश्य र विधेय लेख्नुहोस् ।

(घ) 'अधिकारको बगैँचामा व्यक्तित्वको फूल फुल्छ ।' वाक्यलाई मिश्र वाक्यमा परिवर्तन गर्नुहोस् ।

**११. दिइएको गद्यांश पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :** ४

बाढी, पहिरो, खण्डवृष्टि, अल्पवृष्टि, अतिवृष्टि आदि प्राकृतिक प्रकोपका रूप हुन् । बढ्दो जनसङ्ख्या, अव्यवस्थित बसोबास, जलवायु परिवर्तन र वैज्ञानिक उन्नतिका कारण विभिन्न किसिमका वातावरणीय समस्या उत्पन्न भएका छन् । यसबाट जलचर, थलचर सबै प्राणी जगत् प्रभावित भएका छन् । यस्ता समस्याबाट पैदा हुने वातावरणीय असन्तुलनको खतराबाट जोगाउने कार्यमा वनजङ्गलको ठुलो भूमिका हुन्छ । यसले प्राणीलाई सास फेर्न आवश्यक पर्ने अक्सिजन दिई प्राकृतिक सुन्दरता बढाउने कामसमेत गर्छ । वनजङ्गलकै कारणले जलाधार क्षेत्र सुरक्षित रहन्छन् भने भूक्षय नियन्त्रण गर्ने कार्य पनि यसैबाट सम्भव छ । जङ्गल आफैँमा प्राकृतिक सम्पदा हो । यसको संरक्षण र सदुपयोग गरी बाढी, पहिरो, भूक्षय जस्ता समस्याको न्यूनीकरण गर्नु आवश्यक छ । 'जहाँ जङ्गल त्यहीँ मङ्गल', 'हरियो वन नेपालको धन' जस्ता उक्तिलाई सार्थक पार्न पनि वनजङ्गलको संरक्षणमा जोड दिनु जरुरी छ । यसका लागि जनचेतना बढाउनुका साथै वृक्षरोपण कार्यमा ध्यान दिनुपर्छ । जथाभावी चरन र चोरी पैठारीमा नियन्त्रण गर्नुपर्छ । सामुदायिक वनको अवधारणालाई प्राथमिकता दिई वन संरक्षण गर्नेलाई पुरस्कार र यसको विनाश गर्नेलाई दण्डको व्यवस्थासमेत गरिनु अपरिहार्य छ ।

**प्रश्नहरू**

(क) प्राकृतिक प्रकोप भनेको के हो ?

(ख) वातावरणीय समस्याका कारण के के हुन् ?

(ग) वनजङ्गलको संरक्षण किन गर्नुपर्छ ?

(घ) वातावरणीय समस्यालाई समाधान गर्न वनजङ्गलले कसरी सहयोग गर्छ ?

१२. **कुनै एक प्रश्नको उत्तर लेख्नुहोस् :** ४

(क) **दिइएका बुँदाका आधारमा जीवनी तयार पारी शीर्षकसमेत लेख्नुहोस् :**

| | | |
|---|---|---|
| नाम | : | भूपि शेरचन |
| जन्मस्थान | : | गण्डकी प्रदेश, मुस्ताङ जिल्ला, थाकटुकुचे गाउँ |
| जन्ममिति | : | वि.सं. १९९२ पुस १२ गते |
| पिता/माता | : | सुब्बा हितमान शेरचन/पदमकुमारी शेरचन |
| शिक्षा | : | स्नातकसम्मको औपचारिक अध्ययन |
| प्रवृत्ति | : | स्वच्छन्दतावादी प्रगतिवादी धाराका उत्कृष्ट कवि, युगीन विसङ्गति र विकृतिप्रति तीव्र विरोध, मानवीय दुःख र वेदनालाई कवितामा उतार्नु, व्यङ्ग्यवादी चेत, प्रकृति प्रेम, देशप्रेम, प्रखर क्रान्तिचेतना, झ्याउरे तथा गद्य लयमा लोकप्रिय कविता सिर्जना, उत्कृष्ट गीतकार, सुधारवादी चेतना, प्रतीक र विम्बको सुन्दर प्रयोग, सरल र सरस भाषाशैली । |
| कृति | : | 'परिवर्तन', 'निर्झर', 'नयाँ झ्याउरे', 'घुम्ने मेचमाथि अन्धो मान्छे' आदि । |
| पुरस्कार | : | साझा पुरस्कार |
| मृत्यु | : | वि.सं. २०४६ जेठ १ गते, काठमाडौँ |

(ख) **'जलवायु परिवर्तन' शीर्षकमा एउटा संवाद तयार पार्नुहोस् ।**

१३. **कुनै एक प्रश्नको उत्तर लेख्नुहोस् :** ४

(क) आफ्नो टोलको कच्ची बाटाका कारण उत्पन्न भएका समस्याबारे अवगत गराउँदै उक्त बाटालाई यथाशीघ्र अलकत्रे बाटो बनाउन सम्बन्धित निकायको ध्यानाकर्षणका लागि कुनै एक राष्ट्रिय दैनिकका सम्पादकलाई लेख्ने चिठीको नमुना तयार पार्नुहोस् ।

(ख) स्थानीय वनस्पतिको प्रयोग गरी तयार पारिएको कुनै एक सुगन्धित अगरबत्ती उत्पादक कम्पनीका तर्फबाट दिइने विज्ञापनको नमुना तयार पार्नुहोस् ।

१४. **दिइएको अनुच्छेदबाट मुख्य मुख्य चारओटा बुँदा टिप्नुहोस् :** २

आयुर्वेदिक उपचारका अनेकौँ विशिष्ट पक्ष छन् । यसमा बिरामीको आत्मा, मन, शारीरिक प्रकृति र दोष, मल र धातुको अवस्थालाई पनि ध्यानमा राखेर मानिसका समग्र पक्षको उपचार गरिन्छ । रोगको उपचार गर्दा मन र शरीरलाई पूर्ण रूपमा छुट्याउन सकिँदैन भन्ने मान्यताअनुसार रोगीको मन र शारीरिक प्राकृतिकअनुरूप उपचार गरिनु पनि यसको विशेषता हो । आयुर्वेदिक औषधीले आफैँमा तागत वा रसायनको पोषण प्रदान गर्ने, बिरामी र स्वस्थ व्यक्तिले पनि प्रयोग गर्न सक्ने, स्वस्थ व्यक्तिको पोषण र रोग प्रतिरोधात्मक क्षमताको विकास गर्ने यसको अर्को महत्त्वपूर्ण पक्ष हो । आहार, विहार र आचारसंहितामार्फत रोगले आक्रमण नगरोस् भनी रोग प्रतिरोधी औषधी र आहारमा जोड दिनु पनि यसको विशेषता हो ।

क्रमशः

**१५. दिइएको अनुच्छेदबाट एक तृतीयांशमा सारांश लेख्नुहोस् :** ३

सन्दुक रुइतले आफ्नो उपचार पद्धतिबाट लाखौँ मानिसको सफल शल्यक्रिया गरिसकेका छन् । यसबाट दृष्टि प्राप्त गर्ने विश्वभरका मानिसले उनलाई 'दृष्टिका देवता' मानेका छन् । नेपालको नवीन प्रविधि 'रुइतेक्टोमी' का रूपमा यो उपचार पद्धति एसिया, दक्षिण अमेरिका, अफ्रिकालगायत विभिन्न देशमा प्रयोगमा छ । यो प्रविधि संसारभर गुणस्तरीय र प्रशंसनीय बन्दै गइरहेको छ । उनले मोतीविन्दुको शल्यक्रियां भिडियोमार्फत र सम्भव भएसम्म आफैँ उपस्थित भएर संसारभरिका डाक्टरलाई सिकाउँदै आएका छन् । उत्तर कोरियामा उनले गरेको काम नेसनल जियोग्राफिकले एउटा वृत्तचित्रका रूपमा प्रसारण गरेका थियो । उनले पुऱ्याएको योगदानस्वरूप तिलगङ्गा उपचार केन्द्र अहिले तिलगङ्गा आँखा प्रतिष्ठानका रूपमा स्थापित छ । यसमार्फत उनले पुऱ्याएको मानवीय सेवाका उच्च मूल्याङ्कन गर्दै विश्वका प्रसिद्ध समाचार माध्यमले यसको प्रचारप्रसार गरेका छन् ।

**१६. दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :** ४+४=८

**(क) दिइएको कवितांश पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :**

नेपाल बाँचे नेपाली हाम्रो गौरव बाँच्ने छ
नेपाली भाषा संस्कृति कला साहित्य बाँच्ने छ ।
यसैले आऊ नेपाललाई बलियो बनाऊँ
नेपाली हाम्रो श्रम र सिप स्वदेशमै लगाऊँ ॥

**प्रश्नहरू**

(अ) नेपाल बाँचेमा हाम्रा के के कुरा बाँच्ने छन् ?
(आ) हामीले आफ्नो श्रम र सिप किन स्वदेशमै लगाउनु आवश्यक छ ?

**(ख) दिइएको एकाङ्कीको अंशका आधारमा सोधिएका प्रश्नको उत्तर दिनुहोस् :**

जति पसिना बहाउनुपरे पनि आफ्नै घरबारीमा बहाऔँला । एक गेडा मकै भए पनि आफ्नै माटामा उब्जाउँला । यसरी सबैको हेलाहाँसो भएर म त बस्दिनँ यहाँ । साराले आफ्नै देशमा काम पाएका छन्, हामीले विदेशमा यसरी लत्रेर बस्नुपर्छ र ? कहाँ आफ्नो चाडवाड, पर्वमेला, तीर्थव्रत सब छाडेर अर्काको कमारो भएर बस्ने ? जाऔँ हिँड जमान दाइ, मर्नुपरे पनि बरु आफ्नै देशमा मरौँला, आफ्नै भुइँमा लम्पसार परौँला, आफ्नै खोलाका बगरमा आफ्नै वनका काठले जलौँला ।

**प्रश्नहरू**

(अ) एकाङ्कीका पात्रले किन आफ्नै देश फर्कने कुरा गरेका हुन् ?
(आ) माथिको एकाङ्कीको अंशको आशय के हो ?

**१७. शत्रु नभएको मानिस हुन्छ कि हुँदैन ? 'शत्रु' कथाका आधारमा आफ्ना तर्क दिएर लेख्नुहोस् ।** ४

क्रमशः

१८. **कुनै एक उद्धरणको व्याख्या गर्नुहोस् :**

(क) ईर्ष्याद्वेष हटाएर जो छर्छन् प्रेम सौरभ
तिनै मान्छेहरू बन्छन् विश्वका निम्ति गौरव ।

(ख) शिक्षालाई सिपसँग, सिपलाई श्रमसँग अनि श्रमलाई आधुनिक प्रविधिसँग जोड्ने शिक्षा आजको आवश्यकता हो । ४

१९. **कुनै एक प्रश्नको समीक्षात्मक उत्तर लेख्नुहोस् :** ७

**(क) दिइएको जीवनीको अंश पढी सोधिएका प्रश्नको समीक्षात्मक उत्तर दिनुहोस् :**

छाँगो छङ्छडाए झैं बिजुली वेगमा कविता लेख्ने देवकोटा नेपाली भाषा साहित्यका स्वच्छन्दतावादी साहित्यकार हुन् । उनले विभिन्न साहित्यिक विधामा कलम चलाएका छन् । उनका 'शाकुन्तल', 'सुलोचना', 'महाराणा प्रताप', 'प्रमिथस' आदि प्रसिद्ध महाकाव्य हुन् । उनले 'मुनामदन', 'कुञ्जिनी' र 'लुनी' जस्ता दर्जनौं खण्डकाव्य लेखे । उनले 'यात्री', 'पागल', र 'प्रभुजी मलाई भेडो बनाऊ' जस्ता सयौं कविता लेखे । उनले लेखेका साह्रै गहकिला निबन्ध 'लक्ष्मी निबन्ध सङ्ग्रह' र 'दाडिमको रुखनेर' मा सङ्कलित छन् । उनको एउटा 'सावित्री सत्यवान्' भन्ने नाटक र 'चम्पा' उपन्याससमेत प्रकाशित छ । वास्तवमा उनले लगातार चार दशकसम्म विभिन्न विधाका दर्जनौं साहित्यिक कृति रचना गरी नेपाली साहित्यलाई समृद्ध तुल्याए ।

**प्रश्न**

(अ) माथिको अंश र पाठका आधारमा लक्ष्मीप्रसाद देवकोटाले नेपाली साहित्यमा पुऱ्याएको योगदानको समीक्षा गर्नुहोस् ।

**(ख) दिइएको कथांश पढी सोधिएको प्रश्नको उत्तर लेख्नुहोस् :**

मुरलीधर पण्डित थिए । सबैरै नुहाउँथे, आधा दिनसम्म पूजापाठ गर्थे । उनी पनि आफ्नो धर्म र संस्कृतिका उपर असीम श्रद्धा राख्थे । आफ्ना पिताका झैं उनी पनि अरूलाई सताउनु महापाप सम्झन्थे । मानिस उनलाई जिल्लाका टाढा टाढा ठाउँसम्म बोलाएर सप्ताह पुराण सुन्थे । उनी एउटा सच्चा ब्राह्मण थिए । धोतीमाथि लामो लबेदा, लबेदामाथि सेतो पटुका, शिरमा मखमलको रातो टोपी, काँधमा च्यादर, लतारमा चन्दन, उनी सधैं यही पहिरनमा हुन्थे । जिल्लामा 'मुरली पण्डित' का नाउँले विख्यात थिए ।

**प्रश्न**

(अ) माथिको कथांश र पाठका आधारमा मुरलीधरको चारित्रिक विशेषताको चर्चा गर्नुहोस् ।

२०. **कुनै एक शीर्षकमा १५० शब्दसम्मको निबन्ध लेख्नुहोस् :** ७

(क) सभ्य समाज निर्माणमा मेरो भूमिका

(ख) सामाजिक सञ्जालको सदुपयोग

(ग) देशको आर्थिक विकासमा पर्यटन व्यवसाय

Symbol No. ......................

RE - 1021'MP'

# SEE 2082 (2026)
## अनिवार्य नेपाली

समय : ३ घण्टा

पूर्णाङ्क : ७५

दिइएको निर्देशनका आधारमा आफ्नै शैलीमा सिर्जनात्मक उत्तर लेख्नुहोस् :

१. समूह 'क' मा दिइएका शब्दको अर्थ समूह 'ख' बाट पहिचान गरी जोडा मिलाउनुहोस् : २

| समूह 'क' | समूह 'ख' |
|---|---|
| उद्यत | बोली |
| नादानी | उद्यम |
| विचित्र | तत्पर |
| लवज | अनौठो |
| | अज्ञानता |
| | सङ्गत |

२. दिइएको अनुच्छेदबाट उपयुक्त शब्द पहिचान गरी खाली ठाउँ भर्नुहोस् : २

म सानैदेखि तन मन लगाएर पढ्थेँ । मैले नबुझेका कुराको अर्थ शिक्षकलाई सोध्थेँ । म खराब साथीको सङ्गत गर्दिनथेँ । म आस्तिक, इमानदार र मिहिनेती साथीको सङ्गत गर्थेँ ।

(क) 'शरीर' को पर्यायवाची शब्द............हो ।

(ख) 'असल' को विपरीतार्थक शब्द............हो ।

(ग) अनेकार्थी शब्द ............ हो ।

(घ) 'ईश्वरमाथि विश्वास गर्ने' पदावलीको सिङ्गो शब्द...........हो ।

३. दिइएको अनुच्छेदबाट एउटा उखान र एउटा पारिभाषिक शब्द पहिचान गरी अनुच्छेदको भन्दा फरक वाक्यमा प्रयोग गर्नुहोस् : २

खाने मुखलाई जुँगाले छेक्दैन भने झैँ मिहिनेती व्यक्ति देशमा जस्तोसुकै परिवर्तन आए पनि अगाडि बढ्छ । नमच्चिने पिङको सय झड्का भने झैँ काममा भन्दा कुरामा अल्मलिने व्यक्ति चाहिँ संस्कृतिको अवमूल्यन गर्नमा नै समय व्यतीत गर्छन् । विद्वत् वर्गचाहिँ देशको संस्कृति, संविधान, कानुन र प्रकृति संरक्षणमा सचेत भएर अगाडि बढ्नुपर्छ ।

४. (क) दिइएका शब्द समूहबाट शुद्ध शब्द छानी लेख्नुहोस् : १

(अ) प्रसासन    प्रशासन    प्रसाशन    प्रशाशन

(आ) विविधता    विविधता    विविधतां    बिविधता

(ख) दिइएको वाक्यलाई शुद्ध पारी लेख्नुहोस् : २

दुलहीका पीनाले बोलाएको सुनेर फलैंचा बाट मूरलीधरले भने, ज्यु, म यहीं छु आउन लागें ।

क्रमशः

५. दिइएको अनुच्छेदमा रेखाङ्कन गरिएका शब्दको पदवर्ग पहिचान गरी लेख्नुहोस् : ३

वृद्ध मानिसले आदर्श वचन व्यक्त गरेपछि हामी ध्यानपूर्वक उनका विचार सुन्न थाल्यौं। वृद्धले बोलेका हरेक वाणीमा मानव जीवनको अस्तित्व समावेश भएका थिए त्यसैले त्यहाँबाट उठ्न मन लागेन।

६. दिइएका प्रश्नको उत्तर लेख्नुहोस् : २+२= ४

(क) दिइएको अनुच्छेदबाट उपसर्ग लागेका दुईओटा र प्रत्यय लागेका दुईओटा शब्द पहिचान गरी निर्माण प्रक्रियासमेत देखाउनुहोस् :

शैक्षिक क्षेत्रमा अब्बल ठहरिएका व्यक्ति कानुनी, राजनीतिक तथा प्रशासनिक क्षेत्रमा पनि अब्बल नै हुन्छन्। प्रतिस्पर्धाको यो जमानामा नैतिक प्रहार गरेर पराजित गर्न खोज्ने व्यक्ति पनि पछि लागेका हुन्छन्। खराब प्रवृत्ति भएका व्यक्तिसँग सचेत भएर अगाडि बढ्नु नै बुद्धिमानी हुन्छ।

(ख) दिइएको अनुच्छेदबाट एउटा समस्त शब्द पहिचान गरी विग्रह गर्नुहोस्, एउटा विग्रह पदावली पहिचान गरी समस्त शब्द बनाउनुहोस् र द्वित्व भएर बनेका दुईओटा शब्द पहिचान गरी निर्माण प्रक्रिया देखाउनुहोस् :

शिक्षकका लागि ठुलठुला मात्र नभई ससाना विद्यार्थी पनि प्राण झैं प्रिय हुन्छन्। विद्यार्थीले पनि आफ्ना गुरुलाई मानसम्मान गर्छन्। विद्यार्थीको आनीबानी राम्रो भए शिक्षकको जीवन रहेसम्म गुरुदक्षिणा त्यही नै हुन्छ।

७. दिइएका वाक्यलाई अज्ञात पक्षमा परिवर्तन गर्नुहोस् : २

कृष्ण राय खाना खान्छन्। उनी ओछ्यानमा पल्टिन्छन्। उनी निदाउने प्रयत्न गर्छन्। उनलाई कसैले आक्रमण गर्छ।

८. कुनै एक प्रश्नको उत्तर लेख्नुहोस् : २

(क) आज्ञार्थक भावका फरक फरक क्रियापदको प्रयोग गरी आफ्नी बहिनीको स्वास्थ्यका बारेमा चार वाक्यमा वर्णन गर्नुहोस्।

(ख) दिइएका वाक्यलाई उच्च आदरमा परिवर्तन गर्नुहोस् :

तिमी पोखरा घुम्न जाऊ। तिमी फेवातालमा डुङ्गा चलाऊ।
तिमी साँझमा बजार डुलेर रमाऊ। तिमी सराङ्कोटबाट सूर्योदय हेर्न नछुटाऊ।

९. कोष्ठकमा दिइएका सङ्केतका आधारमा वाक्य परिवर्तन गर्नुहोस् : ४

(क) श्यामसुन्दर योग गर्छन्। श्यामसुन्दर स्वस्थ छन्। (वाक्य संश्लेषण)
(ख) आफू त कहिल्यै रोईदैन। (कर्तृवाच्य)
(ग) अर्जुन नामी डाक्टर बन्छ। (प्रेरणार्थक)
(घ) महात्माले आफू सत्य बोल्ने कुरा बताए। (प्रत्यक्ष कथन)

**१०. दिइएको अनुच्छेद पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :** ४

साँच्चै यो मोबाइलभित्र त सारा संसार पो अटाएको रहेछ । यसमा के छैन ? नाँच यहीँ रहेछ, गाना यहीँ रहेछ, धर्म यहीँ रहेछ, अधर्म पनि यहीँ नै रहेछ, स्वर्ग नर्क जे भनौँ सबै यसैमा रहेछ । ज्ञानको भण्डार पनि यहीँ रहेछ । दृष्टिकोण नै विचारको आधार भएकाले यहीँ रहेछ । सुकर्म देखाउने बाटो पनि यहीँ रहेछ । कुकर्मतिर लाग्ने कुबाटो पनि यहीँ रहेछ । जब मान्छेका हातका औँला मोबाइलभित्रका खराब कुरा खोज्न तम्सिँदा रहेछन् नि त्यसपछि त मान्छेले यही धर्तीमा नै नर्क भोग्नुपर्दो रहेछ । मलाई धिक्कार छ मेरा यी औँला त्यो दिन किन त्यो म्यासेज थिच्न पुगे होलान् । लोहोराले थिचौँ जस्तो लाग्छ यी औँलालाई ।

**प्रश्नहरू**

(क) 'साँच्चै यो मोबाइलभित्र त संसार पो अटाएको रहेछ ।' यस वाक्यलाई अकरणमा बदल्नुहोस् ।

(ख) रेखाङ्कित शब्द 'धर्तीमा' को कारक र विभक्तिको नाम लेख्नुहोस् ।

(ग) 'मान्छेले यहीँ धर्तीमा नै नर्क भोग्नुपर्दो रहेछ ।' यस वाक्यको उद्देश्य र विधेय पहिचान गरी लेख्नुहोस् ।

(घ) 'दृष्टिकोण नै विचारको आधार भएकाले सुख यहीँ रहेछ ।' यस वाक्यलाई संयुक्त वाक्यमा बदल्नुहोस् ।

**११. दिइएको गद्यांश पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :** ४

कपडा, जनावरको छाला, कमेरो, पानी, रङ, सुन आदि थोरै कच्चा पदार्थबाट थाङ्का निर्माण हुन्छ । यसका लागि चाहिने कपडा सजिलै उपलब्ध हुन्छ । जनावरको छाला, कमेरो, पानी, ढुङ्गा जस्ता स्वदेशी कच्चा पदार्थ सजिलै र सस्तामा उपलब्ध हुन्छन् । थाङ्काका लागि चाहिने अलिक महँगो वस्तु भनेको सुन हो, त्यो पनि अप्राप्य छैन । थाङ्का बनाउने विज्ञ र कामदार स्वदेशमै उपलब्ध छन् । यसको निर्माणमा वातावरणीय क्षति हुँदैन र पेट्रोलियम पदार्थको आवश्यकता पर्दैन । पातलो र नरम कपडामा बनाइने चित्र भएकाले यो हलुका हुन्छ । यसलाई पट्याएर, दोबारेर पनि सजिलै ओसारपसार गर्न सकिन्छ र ढुवानी खर्च धेरै लाग्दैन । एउटा सानो कोठामा पनि उत्पादन गर्न सकिन्छ । यसैले यसको उत्पादन लागत सस्तो पर्छ । उत्पादन लागतका तुलनामा यसको मूल्य भने धेरै छ । यो कला कृतिका साथै आस्थाको प्रतीक भएकाले राम्रो मूल्यमा यसको बिक्री हुन्छ । एउटा थाङ्का पाँच सात सयदेखि लाखौँ मूल्यमा पनि बिक्री हुन्छ । त्यसैले थाङ्का उत्पादक र व्यापारीलाई राम्रै फाइदा हुन्छ । थाङ्का बनाउने विज्ञ र कामदारले कला सिर्जनाबाट सन्तुष्टि प्राप्त गर्छन् ।

**प्रश्नहरू**

(क) थाङ्का चित्र निर्माण गर्न कुन कुन कच्चा पदार्थ आवश्यक पर्छ ?

(ख) थाङ्काको उत्पादन लागत सस्तो पर्नाको कारण के हो ?

(ग) थाङ्का कला सिर्जनाबाट कसरी सन्तुष्टि प्राप्त हुन्छ ?

(घ) थाङ्का चित्र निर्माणबाट के लाभ लिन सकिन्छ ?

१२. कुनै एक प्रश्नको उत्तर लेख्नुहोस् : ४

(क) दिइएका बुँदाका आधारमा कथा तयार पारी शीर्षकसमेत लेख्नुहोस् :

कुनै समयमा घाम र हावाको भेट हुनु........को ठुलो भन्ने विषयमा लामो विवाद हुनु.........रुखको छहारीमा सुतेको मानिसको ओढ्ने जसले हटाउन सक्छ उही ठुलो भन्ने निष्कर्षमा दुवै पुग्नु............दुवैलाई आआफ्नो क्षमताको घमन्ड हुनु......ओढ्ने बेस्सरी समाउनु ......प्रतिस्पर्धामा हावा असफल हुनु............घामको पालो आउनु.........घामको किरण क्रमशः प्रचण्ड हुँदै जानु........मानिसलाई गर्मीले उखुमै पार्नु.........ओढ्ने शरीरबाट हटाउनु........एउटै क्षमता सबै क्षेत्रमा उपयोगी नहुने सन्देश ।

(ख) एस.ई.ई. परीक्षा सुरु हुने अघिल्लो रात मनमा उठेका विचार समेटी एउटा मनोवाद लेख्नुहोस् ।

१३. कुनै एक प्रश्नको उत्तर लेख्नुहोस् : ४

(क) कक्षा १० को अनिवार्य विषयका पाठ्यपुस्तक उपलब्ध गराइदिन अनुरोध गर्दै मनकामना पुस्तक पसल, गोरखाको तर्फबाट जनक शिक्षा सामग्री केन्द्र लिमिटेड, सानोठिमी भक्तपुरलाई लेख्ने पत्रको नमुना तयार पार्नुहोस् ।

(ख) आफ्नो पालिकाले आयोजना गरेको अन्तर विद्यालयस्तरीय हाजिरजवाफ प्रतियोगिता कार्यक्रमको गतिविधि समेटी समाचारको नमुना तयार पार्नुहोस् ।

१४. दिइएको अनुच्छेदबाट मुख्य मुख्य चारवोटा बुँदा टिप्नुहोस् : २

मेरो देशमा विज्ञान र प्रविधियुक्त शिक्षाको थप खाँचो छ । विज्ञान र प्रविधियुक्त शिक्षा नपुगेका गाउँठाउँमा त्यसको पहुँच सर्वसुलभ हुन जरुरी छ । आजको युग सूचना र प्रविधिको युग हो । शिक्षामा सूचना र प्रविधिले युगान्तकारी परिवर्तन ल्याइदिएको छ । ती परिवर्तनलाई आत्मसात् गर्न सक्ने नागरिक उत्पादनमा जोड दिने शिक्षाको खाँचो छ । आज हामी मोबाइल एप्सबाट गाडी रोक्न, चढ्न र भाडा तिर्न सक्छौँ । अनलाइन कारोबार गर्न सक्छौँ, अनलाइनबाटै बैङ्क खाता खोल्न र घरमै सामान मगाउन सक्छौँ । आज जागिरका विज्ञापन अनलाइनबाटै खुल्छन् । व्यापार व्यवसाय अनलाइनबाटै गरिन्छन् । घरमा उत्पादन गरेका कृषिजन्य वस्तु अनलाइनबाटै बजारीकरण गरी आय वृद्धिमा सघाउ पुऱ्याउन सकिन्छ ।

१५. दिइएको अनुच्छेदबाट एक तृतीयांशमा सारांश लेख्नुहोस् : ३

कर्तव्यभन्दा अधिकार नै महान् छ । व्यक्तिको व्यक्तित्व विकास र जीवनयापनका लागि अधिकार नितान्त अनिवार्य कुरा हो । हेक्का राखौं, अधिकारले मात्र मानिसको स्वतन्त्रताको रक्षा गर्छ, कर्तव्यले होइन । अधिकारको बगैंचामा मात्र व्यक्तिको फूल फुल्छ । व्यक्तिले परिवार, समाज र राज्यबाट प्राप्त गर्ने अधिकार पाउनुपर्छ र मात्र त्यो व्यक्तिको समग्र व्यक्तित्व उज्यालो बन्छ । सानो छँदा राम्रो लालनपालन र पोषणयुक्त खाना पाउने अधिकार पाउनुपर्छ । अलिक हुर्कंदै जाँदा शिक्षा र स्वास्थ्यको अधिकार पाउनुपर्छ । पढिसकेपछि उसले व्यवसाय र रोजगारको स्वच्छ प्रतिस्पर्धामा

क्रमशः

सहभागी हुने अधिकार पाउनुपर्छ । यसो भयो भने मात्र व्यक्तिको व्यक्तित्वको विकास हुन सक्छ । हरेक व्यक्तिको विकास हुनु नै त्यो परिवार, समाज र राष्ट्रको समेत विकास हुनु हो ।

१६. दिइएका प्रश्नको उत्तर लेख्नुहोस् : ४+४=८

(क) दिइएको कविताशंका आधारमा सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :

यस्तो आदर्श यात्रामा कहिले चलुँला नि म ?
चन्द्रसूर्य बनी आफैं कहिले बलुँला नि म ?

आफ्नै पौरखले बाटो कहिले खनुँला नि म ?
सर्वोच्च कविता आफैं कहिले बनुँला नि म ?

**प्रश्नहरू**

(अ) 'आफ्नै पौरखले बाटो खन्नु' को तात्पर्य के हो ?

(आ) माथिको कविताशंमा 'आदर्श यात्रा' र 'चन्द्रसूर्य' ले के के कुरालाई सङ्केत गरेका छन् ?

(ख) दिइएको जीवनीको अंशका आधारमा सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :

सफल र लोकप्रिय बन्न विदेशै जानुपर्छ भन्ने सोचलाई सन्दुक रुइतले गलत साबित गरिदिएका छन् । नेपालमै बसेर संसारभरिका मानिसको सेवा गर्न र जीवनलाई सार्थक बनाउन सकिन्छ भन्ने कुराका लागि रुइतको जीवनी अनुपम दृष्टान्त हो । धैर्य, साहस, दृढ इच्छाशक्ति र सङ्घर्षबाट मानिस आफ्नो लक्ष्यमा पुग्न सक्छ भन्ने कुराको प्रेरणा उनको जीवनीबाट पाउन सकिन्छ ।

**प्रश्नहरू**

(अ) सन्दुक रुइतले कस्ता कुरामा साहस देखाए ?

(आ) रुइतको जीवनीबाट के प्रेरणा पाउन सकिन्छ ?

१७. 'पख्नोस्' निबन्धमा भने जस्तै सबैलाई पर्खनुपर्ने अवस्थाको अन्त्य गर्न के गर्नुपर्ला ? तर्क दिएर लेख्नुहोस् । ४

१८. कुनै एक उद्धरणको व्याख्या गर्नुहोस् : ४

(क) पहाड भन्छ पसिना पाए म स्वर्ग भुलाउँथें
तराई भन्छ सिँचाइ पाए म सुन भुलाउँथें ।

(ख) बाहिरी शत्रुलाई उठ्न दिनको मूल कारण घरभगडा हो ।

१९. कुनै एक प्रश्नको समीक्षात्मक उत्तर लेख्नुहोस् : ७

(क) दिइएको निबन्धांशको आधारमा सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :

आधुनिक चिकित्सा विज्ञानको पर्यायका रूपमा मान्ने गरिएको एलोप्याथिक औषधीको जस्तो पार्श्वप्रभाव नहुने र शरीरबाट रोगलाई पूर्णतः निर्मूलीकरण गरिने आयुर्वेदिक चिकित्सा पद्धतितर्फ मानिसको आकर्षण बढेको छ । निरोगी जीवन सुखी जीवन' को सपना साकार पार्न आयुर्वेदिक चिकित्साको प्रयोग आजको आवश्यकता र समयको माग बनेको छ ।

प्रश्न

(अ) रोग नियन्त्रण गर्न र पार्श्वप्रभावबाट बचाउन आयुर्वेद चिकित्सा पद्धति किन प्रभावकारी मानिन्छ ? विवेचना गर्नुहोस् ।

(ख) दिइएको कथांशको आधारमा सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :

खुसी घाँटीमा अड्किए जस्तो भयो । बोल्नै गाह्रो भयो । मैले आमालाई गम्लङ्ग अँगालो हालेँ । आमाको छातीबाट न्यानो प्रसार भएर मेरो भित्र हृदयमा पुग्यो । म निकैबेरसम्म अँगालोमै बेरिइरहेँ । मेरो हिक्क झन् झन् बढेर आयो । आमासँगको मातृवात्सल्यको अभिनव आयाममा म प्रेमको महासागरमा डुबिरहेकी थिएँ ।

प्रश्न

(अ) 'आयाम' कथाले नेपाली समाजको कस्तो विषयवस्तु उठान गरेको छ ? समीक्षा गर्नुहोस् ।

२०. कुनै एक शीर्षकमा १५० शब्दसम्मको निबन्ध लेख्नुहोस् : ७

(क) प्राविधिक शिक्षा र रोजगारी

(ख) युवा वर्गमा सामाजिक सञ्जालको प्रभाव

(ग) राष्ट्र निर्माणमा मेरो भूमिका

-৫-

Symbol No. ......................

RE - 1021'BP'

# SEE 2082 (2026)
# अनिवार्य नेपाली

समय : ३ घण्टा

पूर्णाङ्क : ७५

**दिइएको निर्देशनका आधारमा आफ्नै शैलीमा सिर्जनात्मक उत्तर लेख्नुहोस् :**

**१. समूह 'क' मा दिइएका शब्दको अर्थ समूह 'ख' बाट पहिचान गरी जोडा मिलाउनुहोस् :** २

| समूह 'क' | समूह 'ख' |
|---|---|
| परिष्कार | विकल्पमा आउने |
| मस्तक | रोपाइँमा कोदालाको काम गर्ने व्यक्ति |
| मनिटर | त्रुटि हटाउने काम |
| लाठे | कपडाको टुक्रो |
| | कम्प्युटरको स्क्रिन |
| | शिर |

**२. दिइएको अनुच्छेदबाट उपयुक्त शब्द पहिचान गरी खाली ठाउँ भर्नुहोस् :** २

उनको देहावसानले गर्दा वरिपरि गाउँको अपार क्षति भयो । भोका नाङ्गा, दीन, दुःखी दरिद्रका बाबु मरे । बुढाबुढी र असहायको टेक्ने लट्ठी भाँचियो । न्यायको वत्ती निभ्यो । अनाथ अशक्तको आशास्तम्भ ढल्यो । गाउँका 'धन्वन्तरि' अस्ताए । आशाको त्यान्द्रो पनि छिन्यो ।

(क) 'निसाफ' को पर्यायवाची शब्द............हो ।

(ख) 'सुखी' को विपरीतार्थक शब्द............हो ।

(ग) 'दिन' शब्दको श्रुतिसमभिन्नार्थी शब्द ............ हो ।

(घ) 'पराल' को लघुतावाची शब्द ............हो ।

**३. दिइएको अनुच्छेदबाट एउटा उखान र एउटा अनुकरणात्मक शब्द पहिचान गरी अनुच्छेदको भन्दा फरक वाक्यमा प्रयोग गर्नुहोस् :** २

जता काफल पाक्छ उतै चरी नाच्छ भन्दै नवनियुक्त प्रधानाध्यापकलाई माला लगाउन पुगेका एक जना शिक्षक टेबुलमा माला थपक्क राखेर हात मिलाउन थाले । अर्का शिक्षक भने ल्हासामा सुन छ कान मेरो बुच्चै भन्दै जुरुक्क उठेर आफ्नो बाटो लागे ।

**४. (क) दिइएका शब्द समूहबाट शुद्ध शब्द छानी लेख्नुहोस् :** १

| | | | | |
|---|---|---|---|---|
| (अ) | बातावरण | बाताबरण | वातावरण | वाताबरण |
| (आ) | झन्डा | झण्डा | झनूडा | झंडा |

**(ख) दिइएको वाक्यलाई शुद्ध पारी लेख्नुहोस् :** २

प्रतिभाशालि महाकवि लक्ष्मीप्रसाद देवकोटाले लेखेका मूनामदन कुञ्जिनी र लुनी खण्डकाव्य नेपाल भरि चर्चित छन् ।

क्रमश

**५. दिइएको अनुच्छेदमा रेखाङ्कन गरिएका शब्दको पदवर्ग पहिचान गरी लेख्नुहोस् :** **३**

<u>परिश्रमीले</u> कर्म गरेर खान जानेका हुन्छन् । <u>असल</u> कर्मको महत्त्व <u>उनीहरूले</u> <u>बुझेका हुन्छन्</u> । पाखुरा <u>बजारेर</u> जीवन निर्वाह गर्ने उनीहरू<u>प्रति</u> सबै व्यक्तिले सम्मान गर्नैपर्छ ।

**६. दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :** **२+२= ४**

**(क) दिइएको अनुच्छेदबाट उपसर्ग लागेका दुईओटा र प्रत्यय लागेर बनेका दुईओटा शब्द पहिचान गरी निर्माण प्रक्रियास ात देखाउनुहोस् :**

आज ग्रामीण जनजीवन सहरि ा बन्दै तडकभडकमा डुब्दै गएको देख्दा समाजका प्रवुद्ध व्यक्तिसमेत चिन्तित बने ा छन् । विज्ञान र प्रविधिले जन्माएका यन्त्रमानव झैँ मानिस विचित्रका कुरूप प्राणी ब नुहुँदैन ।

**(ख) दिइएको अनुच्छेदबाट एउटा सम स्त शब्द पहिचान गरी विग्रह गर्नुहोस्, एउटा विग्रह पदावली पहिचान गरी समस्त श ब्द बनाउनुहोस् र द्वित्व भएर बनेका दुईओटा शब्द पहिचान गरी निर्माण प्रक्रिया देखा उनुहोस् :**

हिजो आजका मानिससँग आल्तुफ ल्तु समय कहाँ छ र ? उनीहरू जीविकोपार्जनका लागि रातदिन कामसाम गर्न बाध्य छन् । आखिर हात र मुख जोर्न छलछाम गर्नुभन्दा त आआफ्नै कामकाजमा ध्यान दिनु बद्धिमानी हुन्छ ।

**७. दिइएका वाक्यलाई भविष्यत् कालको साम न्य पक्षमा परिवर्तन गर्नुहोस् :** **२**

मनोहर विद्यालय गयो । मनोहरले विद्याल मा पढ्यो । मनोहरले कक्षा कार्य गऱ्यो । मनोहर घर फर्कियो ।

**८. कुनै एक प्रश्नको उत्तर लेख्नुहोस् :** **२**

(क) सम्भावनार्थक भावका फरक फरक क्रि यापद प्रयोग गरी चार वाक्यमा आफ्नो टोलको विकासका बारेमा वर्णन गर्नुहोस् ।

**(ख) दिइएका तृतीय पुरुषका वाक्यलाई द्वितीय पुरुषमा परिवर्तन गर्नुहोस् :**

उनी असल विद्यार्थी हुन् । उनी कक्षामा सबैभन्दा बढी उपस्थित हुन्छन् । उनी सबैलाई आदर गर्छन् । उनी पढाइका साथै खेलकु दमा पनि रुचि राख्छन् ।

**९. कोष्ठकमा दिइएका सङ्केतका आधारमा वाक्य परिवर्तन गर्नुहोस् :** **४**

(क) हामी बन्दीपुर गयौँ । हामी रमायौँ । (वाक्य संश्लेषण)

(ख) गोपाल छाता ओढ्छ । (कर्मवाच्य)

(ग) विद्यार्थी खेल खेल्दै थिए । (प्रेरणार्थक)

(घ) सुबोधले भाइलाई आज बजार नजाने कुरा सुनायो । (प्रत्यक्ष कथन)

क्रमशः

**१०. दिइएको अनुच्छेद पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :** ४

देवकोटाको जागिरे जीवनयात्रा पनि नदी झैं एकनासले कहिल्यै बगेन । उनको जीवनमा कहिलेकाहीं कहाली लाग्दा दुखैदुःख निम्तिए । देवकोटा ३४ वर्षको उमेरमा नै नेपाली भाषानुवाद परिषद्मा नेपाली पुस्तक लेखकका रूपमा जागिरे भए । यो जागिर अवधि उनको लेखन यात्राको स्वर्णकाल रह्यो । यसै समयमा उनले उत्कृष्ट खालका महाकाव्य र खण्डकाव्यका साथै थुप्रै कविता, गीत, बालकविता कथा र निबन्ध रचना गरेका छन् । देवकोटाको महासागर जस्तो प्रतिभा राणाहरूको निरङ्कुशताको साँघुरो सुरुङभित्र कसरी बग्न सक्थ्यो र ? मुलुकमा जति बेला प्रजातन्त्र प्राप्तिका लागि क्रान्तिको आगो सल्कँदै थियो, त्यति बेला उनले पनि विद्रोहको बाटो समाते । उनी वि.सं. २००४ मा प्रजातान्त्रिक आन्दोलनमा संलग्न भए । उनी घरपरिवार कसैलाई थाहा नदिई बनारसतर्फ प्रवासिए । <u>त्यहाँबाट</u> निस्कने "युगवाणी" पत्रिकामार्फत निरङ्कुशता विरुद्ध युगले चाहेको विद्रोहको वाणी फुके । त्यहाँ उनी सिकिस्त बिरामी परे । उनी शारीरिक अवस्था झनझन बिग्रँदा बोल्न पनि नसक्ने अवस्थामा पुगे । असक्त भई प्राणै जोगाउन मुस्किल परेपछि उनले विदेशमा बसेर मर्नुभन्दा आफ्नै देशमा बसेर सक्दो सेवा गर्ने विचार लिए र काठमाडौँ आए ।

**प्रश्नहरू**

(क) 'त्यति बेला देवकोटाले बिद्रोहको बाटो समाते' यो वाक्यलाई अंकरणमा परिवर्तन गर्नुहोस् ।

(ख) अनुच्छेदमा रेखाङ्कित '<u>त्यहाँबाट</u>' शब्दको कारक र विभक्ति पहिचान गरी लेख्नुहोस् ।

(ग) 'त्यहाँ उनी सिकिस्त बिरामी परे ।' यस वाक्यको उद्देश्य र विधेय पहिचान गरी लेख्नुहोस् ।

(घ) 'उनी शारीरिक अवस्था झनझन बिग्रँदा बोल्न पनि नसक्ने अवस्थामा पुगे ।' यस वाक्यलाई संयुक्त वाक्यमा परिवर्तन गर्नुहोस् ।

**११. दिइएको गद्यांश पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :** ४

नेपालको प्राकृतिक, भौगोलिक, सामाजिक र सांस्कृतिक पर्यावरण जैविक खेतीका लागि अनुकूल छ । प्रशस्त मात्रामा जङ्गल, चरन सुविधा र पानीको स्रोत भएकाले नेपालमा व्यावसायिक रूपमा गाई, भैंसी, बाखा, भेडा, कुखुरा, सुँगुर, माछा जस्ता पशुपन्छी पाल्न सकिन्छ । यसबाट पर्याप्त मात्रामा दुध, दही, घिउ, उन, मह, चिज आदिको उत्पादनका साथै प्राङ्गारिक मल उत्पादन हुन्छ । पानीको स्रोत उपयोग गरेर सिँचाइको राम्रो व्यवस्था गर्न सकिन्छ । बहुसङ्ख्यक नेपालीको पुर्ख्यौली व्यवसाय जैविक खेती नै भएकाले त्यसलाई थोरै आधुनिक र व्यावसायिक बनाइदिए पुग्छ । अब नेपालका गाउँ गाउँसम्म सडक यातायात पुग्न थालेको छ । उत्पादित वस्तुलाई बजारसम्म पुऱ्याउन सहज बन्दै छ । जैविक खाद्यवस्तु देशभित्र र विदेशमा पनि महँगो मूल्यमा सजिलै बिक्री हुन्छ । बर्सेनी अरबौं रुपियाँको खाद्यपदार्थ आयात गर्न अहिलेको नेपालको बाध्यता बनेको छ । निर्वाहमुखी र परम्परागत खेतीका कारण यस्तो भएको हो । जैविक खेतीलाई वृहत् अभियानका रूपमा अगाडि बढाउन सके नेपाल खाद्यान्नमा आत्मनिर्भर हुन सक्छ । नेपालमा व्यावसायिक जैविक खेतीलाई रोजगारीको मुख्य आधार बनाउन सकिन्छ ।

युवाहरू स्वदेशमा नै रहँदा राष्ट्र विकासमा सकारात्मक प्रभाव पर्छ । परनिर्भरता घट्न जाँदा स्वावलम्वी संस्कृतिको विकास हुन्छ ।

**प्रश्नहरू**

(क) नेपालको सन्दर्भमा जैविक खेतीका लागि कुन कुन पक्ष अनुकूल छन् ?
(ख) जैविक खाद्यवस्तु कहाँ कहाँ बिक्री हुन्छन् ?
(ग) जैविक खाद्यवस्तु किन महँगो मूल्यमा बिक्री हुन्छ ?
(घ) नेपाललाई खाद्यान्नमा कसरी आत्मनिर्भर वनाउन सकिन्छ ?

**१२. कुनै एक प्रश्नको उत्तर लेख्नुहोस् :** ४

**(क) दिइएका बुँदाका आधारमा जीवनी तयार पारी शीर्षकसमेत लेख्नुहोस् :**

| | | |
|---|---|---|
| नाम | : | अरुणा लामा |
| जन्म | : | वि.सं. २००२ भाद्र २४ गते |
| जन्मस्थान | : | दार्जिलिङ, भारत |
| विशेषता | : | स्वरमा सुकोमलता र सुमधुरता<br>अन्तर्मनका मर्म र करुणाको स्वर प्रतिध्वनित<br>भावपूर्ण र करुणापूर्ण स्वर<br>जातीय सचेतता र मानवीय संवेदनाको उत्कर्ष |
| सम्मान | : | स्वर किन्नरीका रूपमा सम्मानित नारी प्रतिभा<br>'छिन्नलता' पुरस्कारद्वारा सम्मानित<br>'कान्छी' चलचित्रकी उत्कृष्ट गायिका |
| पुरस्कार | : | 'उर्वशी' चलचित्र पुरस्कार<br>भारतस्थित कलकत्ताको 'दिसारी' पुरस्कार |
| मृत्यु | : | वि.सं. २०५४ माघ २२ गते |

**(ख) 'फोहोरमैला व्यवस्थापन' शीर्षकमा दुई जना साथीबिच भएको संवाद तयार पार्नुहोस् ।**

**१३. कुनै एक प्रश्नको उत्तर लेख्नुहोस् :** ४

(क) खाली जमिनमा वृक्षरोपण गर्नका लागि आवश्यक बिरुवाको माग गर्दै जिल्ला वन कार्यालयलाई लेखिने निवेदनको नमुना तयार पानुहोस् ।

(ख) विद्यालयले मनाएको वार्षिकोत्सव कार्यक्रमका विषयवस्तु समेटी राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन गरिने समाचारको नमुना तयार पार्नुहोस् ।

**१४. दिइएको अनुच्छेदबाट मुख्य मुख्य चारओटा बुँदा टिप्नुहोस् :** २

ससाना कार्यबाट प्राप्त हुने ठुल्ठुला परिणामले पनि कर्तव्यको महानता झल्काउँछ । हरेक नागरिकले गर्नुपर्ने आआफ्ना कर्तव्यका दायरा छन् । आआफ्ना ठाउँबाट सबैले आआफ्नो कर्तव्य निर्वाह गरेको समाज सभ्य हुन्छ र सुसंस्कृत हुन्छ । ससाना कुरा मात्र हेरौँ न ! नागरिकले आआफ्ना घर वरिपरि सफा गरे भने सिङ्गो गाउँ वा सहर सफा हुन्छ । कृषकले झरी, बादल नभनी गरेको मिहिनेतले सबैले खाने अन्न उत्पादन हुन्छ ।

क्रमश:

समाजमा बस्ने नागरिकले एकअर्काको अस्तित्वको सम्मान र आदर गर्दै आफ्नो दायित्व निर्वाह गरेको समाज आदर्श समाज हुन्छ । शिक्षकले पेसाप्रतिको निष्ठा र सोअनुसारको आचरण गर्दा शिक्षकको कर्तव्य पूरा हुन्छ ।

**१५. दिइएको अनुच्छेदबाट एक तृतीयांशमा सारांश लेख्नुहोस् :** ३

आयुर्वेदिक उपचार पद्धतिमा व्यवस्थापन, सङ्गठन र निदानमा समेत केही सीमा रहेका छन् । दुर्घटनामा परी अङ्गभङ्ग भएको साथै एपेन्डिसाइटिस, हृदयघात, पक्षघात आदि रोगबाट पीडित बिरामी, शल्यक्रियाबाट गरिने उपचार, सघन उपचार आदिमा राखेर गरिने उपचारमा एलोप्याथीको सहयोग लिनुपर्ने व्यवस्था छ । साथै आयुर्वेद उपचारका नाममा जसले पनि औषधी बेच्नु, भिडभाड हुने ठाउँमा हकरले पनि औषधी बेच्नु र त्यसलाई रोक्ने कुनै संयन्त्र नहुनु र यसरी जो पायो त्यसले घरघरै स्वघोषित आयुर्वेदिक वैद्य बनेर उपचार गर्नु जस्ता यसका सीमा हुन् । आयुर्वेदिक औषधीको पार्श्वप्रभाव न्यून हुन्छ । धेरै खायो भने चिनी पनि तितो हुन्छ भने झैं नजानी नजानी त्यस्ता औषधी खाँदा जनस्वास्थ्यमा गम्भीर असर पर्न सक्छ ।

**१६. दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :** ४+४=८

**(क) दिइएको कथांश पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :**

खुसी घाँटीमा नै अड्किए जस्तो भयो । बोल्नै गाह्रो भयो । मैले आमालाई गम्लङ्ङ अँगालो हालेँ । आमाको छातीबाट न्यानो प्रसार भएर मेरो भित्र हृदयमा पुग्यो । म निकै बेरसम्म अँगालोमै बेरिइरहेँ । मेरो हिक्क झन् झन् बढेर आयो ।

**प्रश्नहरू**

(अ) 'म' पात्र आमाको अँगालोमा बाँधिएर किन हिक्क हिक्क गरिन् ?

(आ) कथांशमा म पात्रको कस्तो अवस्थालाई चित्रण गरिएको छ ?

**(ख) दिइएको जीवनीको अंश पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :**

सादा जीवन, उच्च विचार र मानव सेवामा समर्पित भएका कारण रुइत आफ्ना सपना पूरा गर्न सफल भएका हुन् । सफल र लोकप्रिय बन्न विदेशै जानुपर्छ भन्ने सोचलाई रुइतले गलत सावित गरिदिएका छन् । नेपालमै बसेर संसारभरिका मानिसको सेवा गर्न र जीवनलाई सार्थक बनाउन सकिन्छ भन्ने कुराका लागि रुइतको जीवनी अनुपम दृष्टान्त हो । धैर्य, साहस, दृढ इच्छाशक्ति र सङ्घर्षबाट मानिस आफ्नो लक्ष्यमा पुग्न सक्छ भन्ने कुराको प्रेरणा उनको जीवनीबाट पाउन सकिन्छ ।

**प्रश्नहरू**

(अ) स्वदेशमै वसेर जीवन सार्थक पार्न के गर्नुपर्छ ? अनुच्छेदका आधारमा लेख्नुहोस् ।

(आ) सन्दुक रुइतवाट के प्रेरणा पाउन सकिन्छ ? माथिको अंशका आधारमा लेख्नुहोस् ।

**१७. यदि तपाईं 'घरझगडा' कथाकी पात्र राजेन्द्रलक्ष्मी हुनुभएको भए देवर बहादुर शाहप्रति तपाईंको व्यवहार कस्तो हुन्थ्यो ? तर्क दिई लेख्नुहोस् ।** ४

१८. **कुनै एक उद्धरणको व्याख्या गर्नुहोस् :** ४

(क) नेपाल भोको रहन्छ सितो एउटैले नखाए
नेपाल नाङ्गो रहन्छ टालो एउटैले नलाए ।

(ख) सबै पर्खाइको पछिल्तिर मेरा सयौं सपना पर्खिरहने छन्, इच्छा र आकाङ्क्षा पर्खिरहने छन् ।

१९. **कुनै एक प्रश्नको समीक्षात्मक उत्तर लेख्नुहोस् :** ७

**(क) दिइएको कथांश पढी सोधिएका प्रश्नको समीक्षात्मक उत्तर लेख्नुहोस् :**

कसले भन्छ अकारण नै कोही शत्रु हुँदैन ? मानैं अकारण कोही कसैको शत्रु हुँदैन तर झगडाको निहुँ कति सजिलै पाइन्छ ? कृष्ण रायले धेरैसँग सङ्गत गरेनन् तर जतिसँग गरे सबैलाई तिनीसँग 'बापवैर साँध्ने कुनै न कुनै निहुँ दिए । कस्तो अचम्म, निर्दोष कुरामा पनि विषालु साँप जस्तै बैरी बनाउने साधन लुकिरहेको देखिन्छ । भोलिपल्ट यो घटनाको जाँच हुँदा पुलिसको इन्स्पेक्टरले तिनलाई सोध्यो, "तपाईंलाई कसैमाथि शङ्का छ ?" कृष्ण रायले गम्भीर भएर उत्तर दिए, "रामे, केदार, युवक, गोविन्द पण्डित, कन्हैया, मास्टर, बुधे, लीला, पुष्पराज, रामचन्द्र पराजुली......."

**प्रश्न**

(अ) 'शत्रु' कथाका पात्र कृष्ण रायका मनमा उब्जिएका मानसिक उतार चढावलाई कथाका आधारमा समीक्षा गर्नुहोस् ।

**(ख) दिइएको एकाङ्कीको अंश पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :**

आफ्नो गाउँमा त भकारो कै छेउमा गुन्द्री हालेर सुत्दा पनि गनाउँदैनथ्यो, मलकै भारी वोक्दा पनि गनाउँन्नथ्यो । फेरि तातो पानी, तातो हावा, यस्तो दुःख खाएर को बस्न सक्छ यहाँ ? भोकै परे पनि बरु आफ्नै देशमा कुवाको चिसो पानी पिएर वरको चौतारीमा शीतल हावा खाएर सुतौंला नि । जमानसिंह दाइ, हिंड तिमी पनि, जाऔं आफ्नै घर, आफ्नै देश ।

**प्रश्न**

(अ) हाल युवावर्ग विदेश पलायन भइरहेको समयमा एकाङ्कीकारले पात्र 'बतासे' का माध्यमवाट कस्तो सन्देश दिन खोजेका छन् ? पाठका आधारमा समीक्षा गर्नुहोस् ।

२०. **कुनै एक शीर्षकमा १५० शब्दसम्मको निबन्ध लेख्नुहोस् :** ७

(क) राष्ट्रप्रति मेरो कर्तव्य

(ख) सूचना र प्रविधिको महत्त्व

(ग) यातायात र विकास

-x-

Symbol No. ....................

RE - 1021'GP'

## SEE 2082 (2026)
## अनिवार्य नेपाली

समय : ३ घण्टा

पूर्णाङ्क : ७५

**दिइएको निर्देशनका आधारमा आफ्नै शैलीमा सिर्जनात्मक उत्तर लेख्नुहोस् :**

**१. समूह 'क' मा दिइएका शब्दको अर्थ समूह 'ख' बाट पहिचान गरी जोडा मिलाउनुहोस् : २**

| समूह 'क' | समूह 'ख' |
|---|---|
| धपेडी | तयार भएको |
| मौजा | कुनै वस्तु वा कुरालाई राम्ररी खार्ने काम |
| उद्यत | जमिन |
| चक्षु | अत्यधिक परिश्रमबाट हुने थकान |
| | केही नरहने गरी हटाइएको |
| | आँखा |

**२. दिइएको अनुच्छेदबाट उपयुक्त शब्द पहिचान गरी खाली ठाउँ भर्नुहोस् : २**

हिजोका दिन दुःख गरेको भए आज मनमा ताप लिएर पिरोलिन पर्दैनथ्यो । आफ्ना आमाबुबा र गुरुको आज्ञाकारी बन्ने मानिस जीवनमा सधैँ सफल हुन सक्छ । अझ दूरदर्शी बन्न सके जीवनमा सुख पाइन्छ ।

(क) 'मनुष्य' को पर्यायवाची शब्द............हो ।

(ख) 'रात' को विपरीतार्थक शब्द............हो ।

(ग) अनेकार्थी शब्द ............ हो ।

(घ) 'पछिसम्म हुने कुरामा विचार पुऱ्याउने' पदावलीको सिङ्गो शब्द............हो ।

**३. दिइएको अनुच्छेदबाट एउटा टुक्का र एउटा पारिभाषिक शब्द पहिचान गरी अनुच्छेदको भन्दा फरक वाक्यमा प्रयोग गर्नुहोस् : २**

कसैले मोबाइलमा सन्देश पठाएर बैङ्क खाता र व्यक्तिगत विवरण मागेपछि शुकुमानले मनमनै सोच्यो, "हेर शुकु ! यो तेरो भाग्य चम्केको हो । तेरो तालुमा आलु फल्दै छ । ठालु पल्टेर यसलाई स्विकारिनस् भने तेरो खातामा आउने २५ लाख आउने छैन ।"

**४. (क) दिइएका शब्द समूहबाट शुद्ध शब्द छानी लेख्नुहोस् : १**

| | | | | |
|---|---|---|---|---|
| (अ) | विशेसज्ञ | विषेशज्ञ | विसेषज्ञ | विशेषज्ञ |
| (आ) | पर्वेश | प्रवेश | पर्‌वेश | पऱ्वेश |

**(ख) दिइएको वाक्यलाई शुद्ध पारी लेख्नुहोस् : २**

बतासेले भनिन्, हाम्रा बाबूबाजेले आफ्नो आखिरि सास हिमालको बतासमा मिलाए, हामीपनि त्यसै गरौँला ।

क्रमशः

**५. दिइएका वाक्यमा रेखाङ्कन गरिएका शब्दको पदवर्ग पहिचान गरी लेख्नुहोस् :** ३

तिमी दुई जना विवाहपछि पनि आमासँगै बस्नुपर्छ । यो बुढेसकालमा ती आमालाई छाडेर जान पाउन्नौ ।

**६. दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :** २+२= ४

**(क) दिइएको अनुच्छेदबाट उपसर्ग लागेका दुईओटा र प्रत्यय लागेर बनेका दुईओटा शब्द पहिचान गरी निर्माण प्रक्रियासमेत देखाउनुहोस् :**

आयुर्वेदिक उपचार गर्न हिडेका संयमले बाटामा पाल्पाली बटुवालाई भेटेपछि सम्मानपूर्वक अभिवादन गर्दै सोधे, "ख्यातिप्राप्त आयुर्वेदिक चिकित्सक यता कतै बसाइँ सर्नुभएको छ रे नि, हजुरलाई थाहा छ ?"

**(ख) दिइएको अनुच्छेदबाट एउटा समस्त शब्द पहिचान गरी विग्रह गर्नुहोस्, एउटा विग्रह पदावली पहिचान गरी समस्त शब्द बनाउनुहोस् र द्वित्व भएर बनेका दुईओटा शब्द पहिचान गरी निर्माण प्रक्रिया देखाउनुहोस् :**

हामी नेपाली श्रमजीवी र कर्मवीर छौँ । हामी हात र खुट्टा चलुन्जेल पाप र पुण्यको ख्याल गर्दै जालझेल नगरी कर्मको क्षेत्रमा लाग्छौँ । समाजमा बस्दा कहिले ससाना त कहिले ठुल्ठुला समस्या आइपर्छन् । त्यस्ता समस्या झैझगडा गरेर होइन, आपसमा सरसल्लाह गरेर समाधान गर्छौं ।

**७. दिइएका वाक्यलाई वर्तमान कालको सामान्य पक्षमा परिवर्तन गर्नुहोस् :** २

विद्यार्थी दिनहुँ पुस्तकालय गए । उनीहरूले आफूलाई आवश्यक पर्ने सामग्री खोजी खोजी पढे । पढेका विषयवस्तुबारे सबै साथीसँग छलफल गरे । उनीहरूले नबुझेका कुरा शिक्षकलाई सोधे ।

**८. कुनै एक प्रश्नको उत्तर लेख्नुहोस् :** २

(क) इच्छार्थक भावका फरक फरक क्रियापदको प्रयोग गरी चार वाक्यमा देशको उन्नतिका बारेमा वर्णन गर्नुहोस् ।

**(ख) दिइएका तृतीय पुरुषका वाक्यलाई वाक्य ढाँचासहित द्वितीय पुरुषमा परिवर्तन गर्नुहोस् :**

उनीहरूले देश विदेशका समाचार पढे । उनीहरूले संसारमा भएका सामाजिक परिवर्तनबारे जानकारी पाए । उनीहरू सही र गलत छुट्याउन सक्ने बने । उनीहरू समाजको भलाइ हुने काम गर्न थाले ।

**९. कोष्ठकमा दिइएका सङ्केतका आधारमा वाक्य परिवर्तन गर्नुहोस् :** ४

(क) नेपालीहरू स्वदेशमा बस्नुपर्छ । देशको विकास गर्नुपर्छ । (वाक्य संश्लेषण)

(ख) मुस्कान चेपाङले किताब किनिन् । (कर्मवाच्य)

(ग) अनुराग क्रिकेट खेल्छन् । (प्रेरणार्थक)

(घ) छिरिङले भन्यो, "हामी कृषिमा आत्मनिर्भर हुनुपर्छ ।" (अप्रत्यक्ष कथन)

**१०. दिइएको अनुच्छेद पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :** ४

तपाईं नै भन्नुहोस् न, को पर्खेको छैन ? कहाँ पर्खाइ चल्दैन ? त्यसैले दार्शनिक जति घोत्लिइरहुन्, वैज्ञानिक जति घोट्टिइरहुन्, मलाई त लाग्छ, बाँच्नुको पर्याय नै पर्खनु हो । सोझै कुरा गरूँ भने पनि हेर्नोस्, दसौँ महिना आमाको गर्भमा गुँडुल्किएर नपर्खी तपाईंले सूर्यदर्शनको साइत फेला पार्नुभएन । यसरी नजन्मेदेखि पर्खंदै आउनुभएको तपाईंले किशोर भएपछि विद्यालयमा कैयौँ दिन शिक्षकलाई पर्खनुभयो । त्यसैले पर्खाइबाटै सुरु भएको हाम्रो जिन्दगी यता र उता, यसलाई र उसलाई पर्खंदा आज कताबाट यहाँ आइपुगेको छ ।

**प्रश्नहरू**

(क) 'कहाँ पर्खाइ चल्दैन ?' यस वाक्यलाई करणमा परिवर्तन गर्नुहोस् ।

(ख) अनुच्छेदमा रेखाङ्कित 'विद्यालयमा' शब्दको कारक र विभक्ति पहिचान गरी लेख्नुहोस् ।

(ग) 'तपाईंले सूर्यदर्शनको साइत फेला पार्नुभएन ।' यस वाक्यको उद्देश्य र विधेय पहिचान गर्नुहोस् ।

(घ) 'तपाईं किशोर भएपछि विद्यालयमा कैयौँ दिन शिक्षकलाई पर्खनुभयो ।' यस वाक्यलाई मिश्र वाक्यमा परिवर्तन गर्नुहोस् ।

**११. दिइएको गद्यांश पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :** ४

वर्तमान समाज वैज्ञानिक चिन्तनतर्फ उन्मुख हुँदै गइरहेको छ । त्यसैले अब हाम्रो संस्कृति पाप, पुण्य, स्वर्ग, नर्क आदिका आधारमा निर्धारित हुनुहुँदैन । अब पापको हाउगुजीमा मात्र संस्कृति बाँच्दैन । अब त विज्ञानका सापेक्षतामा मानिसका आवश्यकता, खुसी, सुखी र मनोरञ्जनका रूपमा संस्कृतिलाई ग्रहण गरिन्छ । अहिले विज्ञानको सापेक्षतामा नै जीवनको व्याख्या हुन्छ । विज्ञान सत्य र तथ्यमा आधारित हुन्छ र यसले प्रामाणिकतामा विश्वास गर्छ । कुनै कुराको अवलोकन, जाँच र पारखका आधारमा मात्र सत्यनजिक पुगिन्छ भन्ने मान्यता विज्ञानको छ । तसर्थ अबको संस्कृति विज्ञानभन्दा पर रहन सक्दैन । हिजो हामीले मानेका कतिपय कुरा आज अन्धविश्वासमा परिणत भएका छन् । त्यसैले अबको संस्कृति अनुमान र अन्धविश्वासमा होइन, मानव हितका लागि विज्ञानसम्मत हुन आवश्यक छ । यसप्रति हामी सबै सचेत बन्नु जरुरी छ ।

**प्रश्नहरू**

(क) परम्परागत संस्कृतिका आधार के के हुन् ?

(ख) वर्तमान समाजले संस्कृतिलाई कुन रूपमा ग्रहण गर्न थालेको छ ?

(ग) विज्ञानले किन तथ्यमा विश्वास राख्छ ?

(घ) हाम्रो संस्कृतिको संरक्षण र संवर्धन कसरी गर्न सकिन्छ ?

१२. **कुनै एक प्रश्नको उत्तर लेख्नुहोस् :** ४

(क) **दिइएका बुँदाका आधारमा जीवनी तयार पारी शीर्षकसमेत लेख्नुहोस् :**

| | | |
|---|---|---|
| नाम | : | भवानी भिक्षु |
| जन्म | : | वि.सं. १९६६ जेठ २१, तौलिहवा |
| मातापिता | : | यशोदादेवी, इन्द्रप्रसाद गुप्ता |
| शिक्षा | : | हिन्दी साहित्यमा 'साहित्य कुलभूषण' परीक्षा उत्तीर्ण |
| कृति | : | 'गुनकेसरी', 'मैया साहेब', 'आवर्त', 'अवान्तर', (कथा सङ्ग्रह), 'आगत', 'पाइप नं. २', र 'सुन्तली' गरी तीनओटा कवितासङ्ग्रह. |
| सेवा | : | नेपाल प्रज्ञा प्रतिष्ठानका आजीवन सदस्य भएर सेवा गरेका, नेपाली भाषा साहित्यलाई माया गर्ने |
| पुरस्कार | : | मदन पुरस्कार (२०३२), साझा पुरस्कार (२०३२), त्रिभुवन प्रज्ञा पुरस्कार (२०३६) |
| निधन | : | वि.सं. २०३८ वैशाख ४, काठमाडौं |

(ख) **'सामाजिक सञ्जालको प्रभाव' शीर्षकमा दुई जना पात्रका बिच भएको कुराकानीको विषयवस्तु समेटी संवाद तयार पार्नुहोस् ।**

१३. **कुनै एक प्रश्नको उत्तर लेख्नुहोस् :** ४

(क) आफ्नो समाजमा देखिएको कुनै एक सामाजिक समस्याका बारेमा जानकारी गराउँदै टोलवासीका तर्फबाट स्थानीय पत्रिकाका सम्पादकलाई लेख्ने पत्रको नमुना तयार पार्नुहोस् ।

(ख) विद्यालयले आयोजना गरेको जिल्लास्तरीय नृत्य प्रतियोगितामा प्रमुख अतिथिका रूपमा उपस्थित भइदिन अनुरोध गर्दै पालिका प्रमुखलाई लेखिने निमन्त्रणा पत्रको नमुना तयार पार्नुहोस् ।

१४. **दिइएको अनुच्छेदबाट मुख्य मुख्य चारओटा बुँदा टिप्नुहोस् :** २

शिक्षालाई मानव जातिको तेस्रो आँखा मानिन्छ । यसलाई हाम्रो भित्री हृदयको नयन पनि भनिन्छ । यो हाम्रा बाहिरी आँखा अथवा चर्मचक्षुभन्दा पृथक, महान् र तेजवान छ । हामीसँग भएको यही ज्ञानचक्षुबाट हामीले शिक्षा आर्जन गर्छौं अर्थात् कुनै कुरा सुन्छौं र सिक्छौं । समाज र प्रकृतिमार्फत सैद्धान्तिक र व्यावहारिक ज्ञान निरन्तर आर्जन गरिरहन्छौं । प्रकृति, संस्कृति र सभ्यताका दृष्टिले सृष्टिको उषाकालदेखि सुसम्पन्न मेरो देश आज शिक्षाका दृष्टिले समेत प्रगतिपथतर्फ लम्कँदो छ । शिक्षाले नै मानवलाई सम्मान, खुसी र सुखपूर्वक जिउने ज्ञान र सिप प्रदान गर्छ । यसले समाज र राष्ट्रमा प्रचलित मान्यता र विश्वासलाई मानवताका आँखाले हेर्ने र तिनका बारे समालोचनात्मक चिन्तन गर्ने सोच प्रदान गर्छ ।

१५. **दिइएको अनुच्छेदबाट एक तृतीयांशमा सारांश लेख्नुहोस् :** ३

सन्दुक रुइत आँखाको डाक्टर भएपछि मोतीविन्दुको शल्यक्रियामा सक्रिय भए । शल्यक्रिया गर्ने प्रविधि पुरानै थियो । जुन प्रविधिबाट मोतिविन्दुको उपचार गरिन्थ्यो त्यसबाट बिरामीलाई पीडाबोध मात्र नभई रोग बल्झिने समस्या पनि हुन्थ्यो । आँखामा लेन्स राख्ने पद्धति निकै महँगो थियो । बिरामीले उपचार र शल्यक्रियापछि पनि बाक्लो सिसा भएको चस्मा लगाउनुपर्थ्यो । रुइत सरल र सस्तो पद्धतिबाट आँखा रोगीको उपचार गर्न चाहन्थे । त्यसैले समूह बनाएर ठाउँ ठाउँमा पुगेर आँखा उपचारमा सहभागी हुँदै शल्यक्रिया र अनुसन्धान गर्दै जाँदा उनले नयाँ प्रविधिको आविष्कार गरे । यो प्रविधि सबैभन्दा सस्तो र भरपर्दो सावित भयो । यही प्रविधि अन्तर्राष्ट्रिय जगत्मा नेपाली प्रविधि अर्थात् रुइतेक्टोमीका रूपमा विश्वभरि चर्चित छ ।

१६. **दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :** ४+४=८

**(क) दिइएको कथांश पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :**

कृष्ण राय विचार गर्न थाले, "यस जीवनमा मैले कसैलाई आफ्नो शत्रु बनाइनँ, झगडा फसादमा रहिनँ ।" उनलाई पहिले त कसैले आक्रमण गरेको हो भन्ने कुरामा विश्वास भएन । सब तन्द्रा अवस्थामा भ्रम जस्तो लाग्यो तर भित्तामा लागेर भाँचिएको लट्ठीको टुक्रा त भ्रम हुन सक्दैन । उनले बिछ्यौनाबाट निहुरीकन त्यस टुक्रालाई टिपे, हेरेर गन्न थाले, "को मेरो शत्रु हुन सक्छ ?"

**प्रश्नहरू**

(अ) कृष्ण रायले आफूलाई शत्रुरहित ठान्नुको कारण के हो ?

(आ) कथांशमा कृष्ण रायको कस्तो मानसिकताको चित्रण गरिएको छ ?

**(ख) दिइएको निबन्धांश पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :**

नेपाल आयुर्वेदिक औषधीका लागि भूस्वर्ग मानिन्छ । नेपालका आयुर्वेदिक महत्त्वका जडीबुटीले नेपालको समृद्धिको ढोका खोल्न सक्छन् । नेपाल बहुमूल्य र घातक रोग निको पार्ने जडीबुटीको अजस्र भण्डार हो । रामायणमा वर्णन भएअनुसार युद्धमा लक्ष्मण घाइते हुँदा सञ्जीवनी बुटी लिन नेपालको हिमालय क्षेत्रमा पठाइएको प्रसङ्ग पनि स्मरणीय छ ।

**प्रश्नहरू**

(अ) नेपाललाई किन आयुर्वेदिक औषधीको भूस्वर्ग मानिन्छ ?

(आ) आयुर्वेदिक जडीबुटीले नेपालको समृद्धिको ढोका कसरी खोल्छ ?

१७. **यदि तपाईं 'घरको माया' एकाङ्कीको पात्र लालबहादुर हुनुभएको भए साथीहरू स्वदेश फर्कँदा के गर्नुहुन्थ्यो ? आफ्ना तर्क लेख्नुहोस् ।** ४

**१८. कुनै एक उद्धरणको व्याख्या गर्नुहोस् :** ४

(क) बन्दुकभन्दा कलम र कुची वलियो हुन्छ ।

(ख) पहाड भन्छ पसिना पाए म स्वर्ग भुलाउँथैं
तराई भन्छ सिँचाइ पाए म सुन फुलाउँथैं ।

**१९. कुनै एक प्रश्नको समीक्षात्मक उत्तर लेख्नुहोस् :** ७

**(क) दिइएको कथांश पढी सोधिएका प्रश्नको समीक्षात्मक उत्तर लेख्नुहोस् :**

बावुको स्थानमा मुरलीधर बस्न गएको देखेर बरियातमा आएका ठिटा परस्पर कानेखुसी गर्न थाले । मुरलीधर जिल्लाभरिका विख्यात पण्डित थिए । उनलाई कन्यापक्षका धेरै मानिसले चिन्थे । श्रीधर र मुरलीधरले जिउनीका विषयमा वर्षदिनसम्म मुद्दा लडेको पनि धेरै जनालाई थाहा थियो । कन्यापक्षका बुढापाकाले भने, "त्यस्ता महापुरुषका सन्तान आफ्नो कर्तव्य किन छोड्थे । तब पो मानिस कुलघरान भन्छन् ।"

**प्रश्न**

(अ) 'कर्तव्य' कथामा नेपाली समाजको वास्तविकतालाई कसरी प्रस्तुत गरिएको छ ? समीक्षा गर्नुहोस् ।

**(ख) दिइएको कवितांश पढी सोधिएका प्रश्नको समीक्षात्मक उत्तर लेख्नुहोस् :**

प्रिय सम्पादक !
फेरि कुन देशको कल्पना गरेर छापिरहनुभएको छ तपाईं
वम वर्षका खबरहरू
बालिग मताधिकारका कुराहरू
साहित्यिक आन्दोलनका इतिहासहरू
अन्तरिक्ष यानका गतिविधिहरू
तपाईंले गर्व गर्ने सगरमाथालाई काँधमा बोकेर उभिएको यो गाउँ !
तपाईंलाई नगारिकताको प्रमाणपत्र बाँड्ने देशको जन्मदाता यो गाउँ !
अहिले पनि यो
ढिकीच्याउँ ढिकीच्याउँ !!
एउटा खुट्टो उचालेर ढिकीमा उभिइरहेकै छ ।

**प्रश्न**

(अ) 'गाउँमाथि एउटा कविता' कवितामा ग्रामीण जनजीवनको कस्तो चित्र उतारिएको छ ? समीक्षा गर्नुहोस् ।

**२०. कुनै एक शीर्षकमा १५० शब्दसम्मको निबन्ध लेख्नुहोस् :** ७

(क) मेरो कल्पनाको नेपाल

(ख) पर्यटन व्यवसायका सम्भावना र चुनौती

(ग) नैतिक शिक्षा : आजको आवश्यकता

Symbol No.....................

RE - 1021'LP'

**SEE 2082 (2026)**
**अनिवार्य नेपाली**

**समय : ३ घण्टा** **पूर्णाङ्क : ७५**

**दिइएको निर्देशनका आधारमा आफ्नै शैलीमा सिर्जनात्मक उत्तर लेख्नुहोस् :**

**१. समूह 'क' मा दिइएका शब्दको अर्थ समूह 'ख' बाट पहिचान गरी जोडा मिलाउनुहोस् :** २

| **समूह 'क'** | **समूह 'ख'** |
|---|---|
| निसाफ | त्रुटि हटाउने काम |
| टालो | पानीको थोपा |
| परिष्करण | खराब नतिजा |
| सङ्कल्प | अदालती निर्णय |
| | कपडाको सानो टुक्रा |
| | दृढ निश्चय |

**२. दिइएको अनुच्छेदबाट उपयुक्त शब्द पहिचान गरी खाली ठाउँ भर्नुहोस् :** २

जीवन अनन्त गतिमा बढोस् भन्ने सबैको चाहना हुन्छ तर परिस्थितिले गर्दा त्यो सब पूरा गर्न सकिँदैन। मनमा दृढ विश्वास बोकेर उच्च मनोबल राख्नु नै जीवनको अर्थ बुझ्नु हो।

(क) 'अभिरुचि' को पर्यायवाची शब्द............हो।
(ख) 'मरण' को विपरीतार्थक शब्द............हो।
(ग) अनेकार्थी शब्द ............. हो।
(घ) 'कहिल्यै अन्त नहुने' पदावलीको सिङ्गो शब्द............हो।

**३. दिइएको अनुच्छेदबाट एउटा टुक्का र एउटा अनुकरणात्मक शब्द पहिचान गरी अनुच्छेदको भन्दा फरक वाक्यमा प्रयोग गर्नुहोस् :** २

समयमै काम पूरा गर भन्दा-कानमा तेल हालेर बस्यौ। त्यो बेला भनेको कुरा फटाफट गरिदिएको भए आज यसरी हावा खानु पर्दैनथ्यो। अहिले झलझली सम्झेर पछुतो मान्नु बेकार छ।

**४. (क) दिइएका शब्द समूहबाट शुद्ध शब्द छानी लेख्नुहोस् :** १

(अ) संशोधन शंशोधन शंसोधन संसोधन
(आ) बिरुवा बिरुवा बिरुवा बिरुवा

**(ख) दिइएको वाक्यलाई शुद्ध पारी सार्नुहोस् :** २

जमानसिंहले भन्यो, किन गाउँ छाडेको कान्छा सारा खेति धान्नूपर्ने ग्यानी छोरो परदेश पो आएछ।

**५. दिइएको अनुच्छेदमा रेखाङ्कन गरिएका शब्दको पदवर्ग पहिचान गरी लेख्नुहोस् :** ३

<u>त्यो</u> केटो <u>एक्कासि</u> भुइँमा लड्यो <u>अनि</u> तुरुन्त <u>कोही</u> आएर उठायो। सामान्य <u>उपचार</u> गरेपछि उसलाई घर <u>लगियो</u>।

क्रमशः

**६. दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :** २+२= ४

(क) **दिइएको अनुच्छेदबाट उपसर्ग लागेका दुईओटा र प्रत्यय लागेर बनेका दुईओटा शब्द पहिचान गरी निर्माण प्रक्रियासमेत देखाउनुहोस् :**

नेपाली भाइले असम्भव कामलाई जहिले पनि सम्भव हुन्छ भन्थे । उनको विचार जाँगरिलो बनी काम गरे प्रगति गर्न कठिन छैन भन्ने थियो । ग्रामीण परिवेशमा हुर्किएका उनी साह्रै मिहिनेती थिए ।

(ख) **दिइएको अनुच्छेदबाट एउटा समस्त शब्द पहिचान गरी विग्रह गर्नुहोस्, एउटा विग्रह पदावली पहिचान गरी समस्त शब्द बनाउनुहोस् र द्वित्व भएर बनेका दुईओटा शब्द पहिचान गरी निर्माण प्रक्रिया देखाउनुहोस् :**

ठूली आमा माइत जान तम्तयार भएपछि पीताम्बर काकाले बाटालाई खर्च भनेर पैसासैसा दिनुभयो । ससाना भाइ र बहिनी पनि पछि पछि लागेर मामाघर गए ।

**७. दिइएका वाक्यलाई अभ्यस्त पक्षमा परिवर्तन गर्नुहोस् :** २

आयुष र लाक्पा मिहिनेत गर्छन् । उनीहरू सहरको विद्यालयमा पढ्छन् । उनीहरू आफ्नो गाउँको उन्नति हेर्न चाहन्छन् । उनीहरू सबैलाई आफ्नो गाउँ फर्कनुपर्छ भन्छन् ।

**८. कुनै एक प्रश्नको उत्तर लेख्नुहोस् :** २

(क) सामान्यार्थक भावका फरक फरक क्रियापदको प्रयोग गरी चार वाक्यमा आफूले गर्ने कुनै कामका बारेमा वर्णन गर्नुहोस् ।

(ख) **दिइएका प्रथम पुरुषका वाक्यलाई तृतीय पुरुषमा परिवर्तन गरी अनुच्छेद पुनर्लेखन गर्नुहोस् :**

म नेपाली नागरिक हुँ । म आफ्नो देशलाई माया गर्छु । म नेपाली हुन पाएकामा गौरव गर्छु । म आफ्नो देशको समृद्धिमा लाग्छु ।

**९. कोष्ठकमा दिइएका सङ्केतका आधारमा वाक्य परिवर्तन गर्नुहोस् :** ४

(क) बुद्ध नेपालमा जन्मिएका हुन् । बुद्धले अहिंसाको पाठ सिकाए (वाक्य संश्लेषण)

(ख) आफू त बजार गइन्छ । (कर्तृवाच्य)

(ग) भाइबहिनीहरू पाठ पढ्छन् । (प्रेरणार्थक)

(घ) गुरुले मलाई भन्नुभयो, "तिमी हिजो किन आएनौ ।" (अप्रत्यक्ष कथन)

**१०. दिइएको अनुच्छेद पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :** ४

यस्तै बेलामा कुटुम्बले छोरा <u>शशीधरलाई</u> छोरी दिन आए । कुटुम्ब धनीमानी थिए । जिल्लामा उनको ठुलो ख्याति थियो । मधेसतिर तीनचार मौजा जिमिदारी छ भन्थे । सन्तानमा केवल यिनै एउटा छोरी मात्र हुन् भन्ने सुनिन्थ्यो । शशीधर भर्खर १५ वर्ष मात्र लागेको थियो । ठिटो राम्रो र बहुत मेधावी थियो । छोराको यति सानै उमेरमा बिहा गर्न त श्रीधरको मन थिएन । एउटी छोरी मात्र भएका धनी कुटुम्बले घरै आएर छोरी

दिँदा उनी वडो असमञ्जसमा परे । उता घरकाले पनि विहा गर्नैपर्छ भनेर करकर गर्न थाले । कामकुरो छिनियो । खुब मन फुकाएर विहाका मालसर्जाम तयार गर्न थाले ।

**प्रश्नहरू**

(क) 'कुटुम्व धनीमानी थिए ।' यस वाक्यलाई अकरणमा वदल्नुहोस् ।

(ख) रेखाङ्कित 'शशीधरलाई' शब्दको कारक र विभक्ति पहिचान गरी लेख्नुहोस् ।

(ग) 'यस्तै वेलामा कुटुम्वले छोरा शशीधरलाई छोरी दिन आए ।' यस वाक्यको उद्देश्य र विधेय पहिचान गरी लेख्नुहोस् ।

(घ) 'एउटी छोरी मात्र भएका कुटुम्वले घरै आएर छोरी दिँदा उनी असमञ्जसमा परे ।' यस वाक्यलाई मिश्र वाक्यमा वदल्नुहोस् ।

**११. दिइएको गद्यांश पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :** ४

पश्चिमाहरू प्रकृतिलाई जड मान्छन् । उनीहरूका लागि प्रकृति एउटा भौतिक उपलव्धि मात्र हो । प्रकृति मान्छेका लागि हो तसर्थ यसको जतिसक्दो उपयोग गर्नुपर्छ भन्ने भौतिकवादी दृष्टिकोण पश्चिमी विचारको चुरो हो । प्रकृति र मानवको अस्तित्व परिपूरक सम्वन्धमा आधारित छ, त्यसैले प्रकृतिलाई चेतन रूपमा मान्नुपर्छ र सन्तुलित उपयोग गर्नुपर्छ भन्ने कुरा पूर्वीय दर्शनको सारतत्त्व हो । अहिले आएर पश्चिमाहरूले प्रकृति संरक्षणको नारा उठाए पनि पश्चिममा यो नारा उठेको धेरै समय भएको छैन । मान्छे आफैं प्रकृति हो त्यसैले भौतिक विकासको चरमचुलीमा पुगेपछि मानवतामा उत्पन्न हुने अतृप्त वितृष्णा र कुण्ठाको उचित निकासका लागि 'प्रकृतितिरै फर्क' को नारालाई यसै सन्दर्भमा हेर्नुपर्छ । प्रकृति भनेको ढुङ्गो, माटो, वृक्ष, वनस्पति र जलस्रोत हो । अव यी सवै कुरालाई प्राकृतिक सम्पदा भन्न थालिएको छ । समकालीन विश्वमा धनी वा गरिव राष्ट्रको निर्णय उसको अधीनमा रहेको प्राकृतिक सम्पदाकै आधारमा हुन थालेको पाइन्छ । प्रकृतिको विराट स्वरूप नै वातावरण हो । वातावरणभित्र वायुमण्डलसमेत समेटिन्छ ।

**प्रश्नहरू**

(क) पश्चिमी विचारको चुरो के हो ?

(ख) प्रकृति र मानवको अस्तित्व केमा आधारित छ ?

(ग) विश्वमा धनी र गरिव राष्ट्रको पहिचान कसरी गरिन्छ ?

(घ) वातावरणलाई किन प्रकृतिको विराट स्वरूप भनिएको हो ?

१२. कुनै एक प्रश्नको उत्तर लेख्नुहोस् : ४

(क) दिइएका बुँदाका आधारमा जीवनी तयार पारी शीर्षकसमेत लेख्नुहोस् :

| | | |
|---|---|---|
| नाम | : | बालकृष्ण सम |
| जन्म | : | वि.सं. १९५९ माघ २४ गते |
| जन्मस्थान | : | ज्ञानेश्वर, काठमाडौं |
| मातापिता | : | कृति राज्यलक्ष्मी र समर शमशेर |
| शिक्षा | : | आई.एस्सी. |
| सेवा | : | सैनिक सेवा, रेडियो नेपालका निर्देशक, गोरखापत्रका सम्पादक |
| कृति | : | मुटुको व्यथा, अमरसिंह, भीमसेनको अन्त्य आदि नाटक, चिसो चुल्हो महाकाव्य, आगो र पानी खण्डकाव्य आदि । |
| योगदान | : | आधुनिक नेपाली नाटकका प्रवर्तक, सुखान्त र दुःखान्त नाटकको रचना; पौराणिक र ऐतिहासिक विषयवस्तुमा नाटक रचना |
| पुरस्कार | : | त्रिभुवन पुरस्कार, साझा पुरस्कार, पृथ्वी प्रज्ञा पुरस्कार आदि । |
| मृत्यु | : | वि.सं. २०३८ साउन ६ गते, काठमाडौं |

(ख) 'भाग्य ठुलो कि परिश्रम ठुलो' भन्ने वादविवादको विषयमा विपक्षीका मतको खण्डन गर्दै पक्षका तर्फबाट आफ्ना गहकिला तर्क प्रस्तुत गर्नुहोस् ।

१३. कुनै एक प्रश्नको उत्तर लेख्नुहोस् : ४

(क) विद्यालयमा जम्मा हुने फोहोर व्यवस्थापन गरिदिन अनुरोध गर्दै वडा कार्यालयलाई लेख्ने निवेदनको नमुना तयार पार्नुहोस् ।

(ख) विद्यालयको वार्षिकोत्सव समारोहमा अतिथिलाई आमन्त्रण गर्न दिइने निमन्त्रणा पत्रको नमुना तयार पार्नुहोस् ।

१४. दिइएको अनुच्छेदबाट मुख्य मुख्य चारओटा बुँदा टिप्नुहोस् : २

मानव वेदनाको जीवन्त चित्रण भएका कला सिर्जनामा पिकासोले आफ्नो सम्पूर्ण जीवन समर्पण गरे । उनले कलामार्फत बन्दुकभन्दा कलम र कुची बलियो हुन्छ भन्ने दसी प्रस्तुत गरे र कलामार्फत युद्धलाई खरो रूपमा व्यङ्ग्य गरे । त्यसैले तं नाजीहरूले पिकासोलाई जर्मनीमा चित्र प्रदर्शन गर्न दिएनन् । उनले भिखारी, जेलमा थुनिएका, दुःख पाएका, हेपिएका र सीमान्तकृत मान्छेका साथै गम्भीर मानसिक समस्या भएका व्यक्तिका चित्रसमेत बनाए । उनले महिलाका मार्मिक र प्रेमिल चित्र पनि बनाए । उनी केवल मान्छेको बाहिरी आवरण मात्र कहाँ हो र, ती व्यक्तिका भित्री वेदना, संवेदना, संवेग, मर्म र सौन्दर्य मूर्त बनेर उनका अमूर्त चित्रभित्र चित्रित हुन्थे । जजसले ती चित्र हेर्थे ती व्यक्तिको हृदयमा करुणा, दया, माया, स्नेह र आक्रोशका भाव सल्बलाउँथे र हेर्दाहेर्दै ती चित्रमा नै हराउँथे ।

**१५. दिइएको अनुच्छेदबाट एक तृतीयांशमा सारांश लेख्नुहोस् :** ३

अधिकारको क्षेत्र व्यापक छ । यसभित्र वाल अधिकार, श्रमिक अधिकार, महिला अधिकार आदि थुप्रै अधिकारका कुरा पर्छन् । संयुक्त राष्ट्रसङ्घको मानव अधिकार र वाल अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिले अधिकारका वारेमा प्रस्ट उल्लेख गरेकै छ । वालवालिकाले जन्मनासाथ शिक्षा र सुरक्षाका अधिकार पाउनुपर्छ, श्रमिकले न्यूनतम ज्याला र सामाजिक सुरक्षाको अधिकार पाउनुपर्छ । आफ्ना अधिकार प्राप्तिका लागि श्रमिकले गरेको ऐतिहासिक विद्रोहको सम्झनामा संसारभर मे १ तारिखका दिन 'मजदुर दिवस' मनाइन्छ । किसानलाई पनि राज्यवाट विउविजन र मल जस्ता वस्तुमा सहुलियत पाउने अधिकार छ । अधिकार नै नभएमा मानिसले कर्तव्य पूरा गर्न सक्दैन । त्यसैले अधिकारविनाको कर्तव्य नुनविनाको तरकारी जस्तै हो ।

**१६. दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :** ४+४=८

**(क) दिइएको कवितांशका आधारमा सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :**

के गर्नु चुनावका घोषणापत्रहरू ?
सिँगान पुछ्ने कागजभन्दा वढी कामयाव हुन सक्दैन यो यिनीहरूलाई
के पढ्नु अन्तरिक्ष यानका गतिविधिहरू ?
दन्त्य कथाकै सिलसिला जोड्नुभन्दा वढी केही अर्थ छैन यसको पनि यिनीहरूलाई ।

**प्रश्नहरू**

(अ) प्रस्तुत कवितांशमा चुनावी घोषणापत्रलाई कुन रूपमा चित्रण गरिएको छ ?
(आ) अन्तरिक्ष यानका वारेमा कविको धारणा के छ ?

**(ख) दिइएको निवन्धांशका आधारमा सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :**

यसरी प्राचीन कालदेखि ज्ञानको खानी रहेको मेरो देशको शिक्षा आज आधुनिक वैज्ञानिक शिक्षा प्रदान गर्न आतुर छ । त्यसो त मेरो देशले आफ्ना परापूर्व कालदेखि रहेको ज्ञानलाई आधुनिक विज्ञानसँग एकैसाथ सहयात्रा गरेकै छ । नेपाली माटामा सुन फलाउने गरी व्यावसायिक र आधुनिक कृषि शिक्षा दिन मेरो देशको शिक्षामा अझै लगानी र पहुँच विस्तारमा जोड दिनुपर्छ । मुलुकका उत्पादनलाई विश्व वजारमा पस्कने गरे हाम्रा विद्यार्थी उत्पादनलाई संसारमा चिनाउन सक्षम हुने परिस्थिति पैदा गर्नु जरुरी छ ।

**प्रश्नहरू**

(अ) देशको शिक्षामा आउनुपर्ने सकारात्मक परिवर्तन के के हुन् ?
(आ) व्यावसायिक शिक्षाले कृषि उत्पादनमा कसरी सहयोग गर्छ ?

**१७. 'कुनै पनि मानिस शत्रु नभएको हुन सक्दैन' भन्ने भनाइका वारेमा शत्रु कथाका आधारमा आफ्ना तर्क लेख्नुहोस् ।** ४

१८. कुनै एक उद्धरणको व्याख्या गर्नुहोस् : ४

(क) पहाड भन्छ पसिना पाए म स्वर्ग भुलाउँथें
तराई भन्छ सिँचाइ पाए म सुन फुलाउँथें ।

(ख) हामी दुवै चाहन्छौं एउटा यस्तो दुनियाँ सिर्जना गरौं जहाँ कसैले कसैलाई कुराले मात्र टार्न नसकोस् ।

१९. कुनै एक प्रश्नको समीक्षात्मक उत्तर लेख्नुहोस् : ७

(क) दिइएको एकाङ्कीको अंशका आधारमा सोधिएको प्रश्नको उत्तर लेख्नुहोस् :
किन बस्ने यहाँ ? एक गाँस खानका निम्ति नोकरी गर्नुपर्ने आफ्नै घरमा आफ्नै दाजुभाइहरूको गरौंला । जति पसिना बहाउनुपरे पनि आफ्नै घरबारीमा बहाऔंला । एक गेडा मकै भए पनि आफ्नै माटामा उब्जाउँला । यसरी सबैको हेलाहाँसो भएर म त बस्दिनँ यहाँ । साराले आफ्नै देशमा काम पाएका छन्, हामीले विदेशमा यसरी लत्रेर बस्नुपर्छ र ?

प्रश्न

(अ) युवाहरूलाई विदेसिनबाट रोक्न 'घरको माया' एकाङ्कीले कस्तो सन्देश दिएको छ ? दिइएको अंशसहित पाठका आधारमा समीक्षा गर्नुहोस् ।

(ख) दिइएको जीवनीको अंशका आधारमा सोधिएको प्रश्नको उत्तर लेख्नुहोस् :
देवकोटाको कवित्व प्रतिभा, कविताको गुणात्मक मूल्य र सङ्ख्यात्मक योगदान आज पनि अद्वितीय रहेको छ । नेपाली कविताको अहिलेसम्मको यात्रामा प्रतिभा, रचना परिणाम र उत्कृष्ट गुणस्तरका दृष्टिले देवकोटा सर्वोच्च कवि मानिएका छन् ।

प्रश्न

(अ) जीवनीको अंश र मूल पाठका आधारमा नेपाली भाषा साहित्यका क्षेत्रमा महाकवि लक्ष्मीप्रसाद देवकोटाले पुऱ्याएका योगदानको समीक्षा गर्नुहोस् ।

२०. कुनै एक शीर्षकमा १५० शब्दसम्मको निबन्ध लेख्नुहोस् : ७

(क) विद्युतीकरण र विकास

(ख) राष्ट्र निर्माणमा युवाको भूमिका

(ग) मेरो जीवनको लक्ष्य

-ꣳ-

Symbol No. ....................

RE - 1021'KaP

**SEE 2082 (2026)**

**अनिवार्य नेपाली**

**समय : ३ घण्टा** **पूर्णाङ्क : ७५**

**दिइएको निर्देशनका आधारमा आफ्नै शैलीमा सिर्जनात्मक उत्तर लेख्नुहोस् :**

**१. समूह 'क' मा दिइएका शब्दको अर्थ समूह 'ख' बाट पहिचान गरी जोडा मिलाउनुहोस् :** २

| समूह 'क' | समूह 'ख' |
|---|---|
| नन्दन | नराम्रो अवस्था |
| उदात्त | हावा, पानी आदि घुमेर बनेको चक्र |
| भुमरी | उदार |
| नाजी | घाँसको भारी |
| | स्वर्गको बगैँचा |
| | जर्मनीको प्रसिद्ध राजनीतिक दल |

**२. दिइएको अनुच्छेदबाट उपयुक्त शब्द पहिचान गरी खाली ठाउँ भर्नुहोस् :** २

बगेर आएको पानी जमेर बनेको यो ताल सुन्दर छ। यहाँको पानी पिउन योग्य छ। यहाँको पानी प्रशोधन गर्न जरुरी छैन। हाम्रो मुलुक भूपरिवेष्टित भए पनि पानीका यस्ता स्रोत पर्याप्त छन्।

(क) 'जल' को पर्यायवाची शब्द............हो।

(ख) 'अयोग्य' को विपरीतार्थक शब्द............हो।

(ग) अनेकार्थी शब्द ............. हो।

(घ) 'चारैतिरबाट जमिनले घेरिएको' पदावलीले जनाउने सिङ्गो शब्द............हो।

**३. दिइएको अनुच्छेदबाट एउटा उखान र एउटा अनुकरणात्मक शब्द पहिचान गरी अनुच्छेदको भन्दा फरक वाक्यमा प्रयोग गर्नुहोस् :** २

एकले थुकी सुकी सयले थुकी नदी भने झैँ सबै मिलेर काम गरे मात्र देशको विकास गर्न सकिन्छ। अचेल कतिपय मानिस यति स्वार्थी भएका छन् कि आफ्नो देशलाई चटक्क बिर्सन्छन् अनि आफ्नो हात जगन्नाथ भन्दै स्वार्थ सिद्ध गर्न लुसुक्क विदेशतिर लम्कन्छन्।

**४. (क) दिइएका शब्द समूहबाट शुद्ध शब्द छानी लेख्नुहोस् :** १

| | | | | |
|---|---|---|---|---|
| (अ) | सोसण | शोषण | शोशण | सोषण. |
| (आ) | पञ्चकन्या | पंचकन्या | पन्चकन्या | पङ्चकन्या |

**(ख) दिइएको वाक्यलाई शुद्ध पारी लेख्नुहोस् :** २

पढाई पुरा गर्छु भनी सुन्दर हरि र श्याम गाउँ बाट सहर पसे।

**५. दिइएको अनुच्छेदमा रेखाङ्कन गरिएका शब्दको पदवर्ग पहिचान गरी लेख्नुहोस् :** ३

<u>ती</u> <u>किसान</u> अति मिहिनेती छन्। <u>तिनलाई</u> यता <u>बोलाएर</u> सम्मान <u>गर्नुपर्छ</u> <u>है</u>।

क्रमशः

**६. दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :** २+२= ४

**(क) दिइएको अनुच्छेदबाट दुईओटा उपसर्ग र दुईओटा प्रत्यय लागेर बनेका शब्द पहिचान गरी निर्माण प्रक्रियासमेत देखाउनुहोस् :**

देश विकासको मेरुदण्ड नै आर्थिक सम्पन्नताको अवस्था सबल हुनु हो । हरेक नागरिक सदाचारी र इमानदारी भयो भने देशले छिटै प्रगति गर्न सक्छ । त्यसैले आर्थिक उपार्जनका लागि हामी सबै सचेत भई अगि बढ्नुपर्छ ।

**(ख) दिइएको अनुच्छेदबाट एउटा समस्त शब्द पहिचान गरी विग्रह गर्नुहोस्, एउटा विग्रह पदावली पहिचान गरी समस्त शब्द बनाउनुहोस् र द्वित्व भएर बनेका दुईओटा शब्द पहिचान गरी निर्माण प्रक्रिया देखाउनुहोस् :**

हिजो आज गरगहना बनाउने बहुमूल्य सुनको मूल्य आकासिएको छ । सुनचाँदीमा सजिएर हिड्न खोज्नेहरू निराश भएका छन् । झुपडीदेखि महलमा बस्नेहरूलाई समेत यसले प्रभाव पारेको छ । घरका लागि खर्च जुटाउन पनि धौ धौ परेकाले मानिस ससाना गहना लगाएर आआफ्नो चित्त बुझाउन बाध्य छन् ।

**७. दिइएका वाक्यलाई भविष्यत् कालको अपूर्ण पक्षमा परिवर्तन गर्नुहोस् :** २

हामी विद्यालय जान्छौं । हामी व्याकरण पढ्छौं । हामी नबुझेका कुरा शिक्षकलाई सोध्छौं । हामी आवश्यक कुरा कापीमा टिप्छौं ।

**८. कुनै एक प्रश्नको उत्तर लेख्नुहोस् :** २

(क) सम्भावनार्थक भावका फरक फरक क्रियापद प्रयोग गरी चार वाक्यमा आफ्नी बहिनीका बारेमा वर्णन गर्नुहोस् ।

**(ख) दिइएका तृतीय पुरुषका वाक्यलाई द्वितीय पुरुषमा परिवर्तन गर्नुहोस् :**

ऊ बगैंचामा जान्छ । ऊ सुन्तला टिप्छ । ऊ सुन्तला झोलामा राख्छ । ऊ बजारमा लगेर सुन्तला बेच्छ ।

**९. कोष्ठकमा दिइएका सङ्केतका आधारमा वाक्य परिवर्तन गर्नुहोस् :** ४

(क) समीरले परिश्रम गरेकाले धेरै अन्न फलायो । (वाक्य विश्लेषण)

(ख) आफू त सुतियो । (कर्तृवाच्य)

(ग) सोमपाल गीत गाउँछ । (प्रेरणार्थक)

(घ) दीपिकाले विदेशमा पढ्न नजाने कुरा गरिन् । (प्रत्यक्ष कथन)

**१०. दिइएको अनुच्छेद पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :** ४

प्राचीन ऋषिमुनिले अनेकौं सभ्यता, संस्कृति, पूर्वीय दर्शन र ज्ञानको ज्योति संसारभर फिँजाए र मेरो देशको शिक्षालाई आलोकित गरे । वेदव्यासमा ज्ञानको स्फुरण यही भयो र उनले अठार पुराणको रचना गरे । राजा जनकको <u>दरबारमा</u> याज्ञवल्क्य, गार्गी, मैत्रेयी जस्ता विद्वान् विदुषीले शास्त्रार्थ गरेर जीवन र जगत्का यथार्थ र रहस्यका पाटा उजागर गरे, ज्ञानको तिर्खाले आकुलव्याकुल भएर घरपरिवार त्यागेका सिद्धार्थ गौतमले बुद्धत्व प्राप्त गरे । फाल्गुनन्दले किरात समुदायमा आफ्नो संस्कृतिको उत्थान र संवर्धन गर्न

प्रेरणा दिने अनि समाजमा चेतना र जागरण फैलाउने मुन्धुम जस्तो ग्रन्थ रचना गरे । यसरी मेरो देशको शिक्षाको प्रवर्धनमा परापूर्वकालदेखि विभिन्न ऋषि महर्षि र विद्वान्ले विशिष्ट योगदान दिएका छन् ।

**प्रश्नहरू**

(क) 'मेरो देशको शिक्षालाई आलोकित गरे' यस वाक्यलाई अकरणमा बदल्नुहोस् ।
(ख) अनुच्छेदमा रेखाङ्कित 'दरबारमा' शब्दको कारक र विभक्ति पहिचान गरी लेख्नुहोस् ।
(ग) 'विद्वान्ले विशिष्ट योगदान दिएका छन् ।' यस वाक्यबाट उद्देश्य र विधेय पहिचान गरी लेख्नुहोस् ।
(घ) 'घरपरिवार त्यागेका सिद्धार्थ गौतमले बुद्धत्व प्राप्त गरे ।' यस वाक्यलाई मिश्र वाक्यमा परिवर्तन गरी लेख्नुहोस् ।

**११. दिइएको गद्यांश पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :** ४

निबन्ध भावना वा विचारको लेखन हो । यसमा लेखकको निजी अनुभूति व्यक्त हुन्छ । निबन्धमा कुनै विषयमाथि विचारको क्रमबद्ध प्रस्तुति हुन्छ । निबन्ध गद्य भाषामा लेखिने सङ्कथन हो । यसमा कुनै पनि विषयमाथि सूचना, विचार वा अनुभूतिको सङ्गठित र क्रमिक अभिव्यक्ति हुन्छ । निबन्धको मुख्य अर्थ कुनै विषयमा बाँधिएको भनिए पनि यो बन्धनरहित लेखन हो । आख्यान, नाटक र कविताका तुलनामा निबन्ध स्वतन्त्र विधा हो । कुनै पनि विषयमा आत्मनिष्ठ वा वस्तुनिष्ठ भएर मनमा लागेका विचार र अनुभूतिको सिलसिलेवार गद्य लेखन गर्दा निबन्धको रचना हुन्छ । निबन्धमा मूलतः स्रष्टा वा लेखकको निजीपन समेटिएको हुन्छ । आत्मपरक निबन्धमा निबन्धकारका भोगाइका पाटा प्रस्तुत हुन्छन् भने वस्तुपरक निबन्धमा विषयको वस्तुपरक दृष्टिकोण र सूचनामूलकता बढी हुन्छ । निबन्धमा स्रष्टाले आफू वरिपरिको जीवन र समाजसँग विचारको प्रवाह प्रस्तुत गरेको हुन्छ । तसर्थ निबन्ध स्रष्टाको निजीपन बोकेको वैचारिक लेखन हो ।

**प्रश्नहरू**

(क) निबन्धमा केको अभिव्यक्ति हुन्छ ?
(ख) निबन्धको रचना कसरी हुन्छ ?
(ग) वस्तुपरक निबन्धमा कस्ता विषयवस्तु रहेका हुन्छन् ?
(घ) निबन्धलाई स्वतन्त्र रचना भनिनुको कारण के हो ?

**१२. कुनै एक प्रश्नको उत्तर लेख्नुहोस् :** ४

**(क) दिइएका बुँदाका आधारमा कथा तयार पारी शीर्षकसमेत लेख्नुहोस् :**

कुनै एक ऋषि तपोवनमा जानु ....... ऋषि तपस्यामा लीन हुनु ....... केही डाँकाले एक जना व्यापारीलाई लखेट्दै ल्याउनु ....... व्यापारी भाग्दै ऋषिको आश्रममा आइपुग्नु ....... व्यापारी कुटीभित्र लुक्नु ....... ऋषिको कहिल्यै झुट नबोल्ने प्रतिज्ञा हुनु ....... डाँकाले ऋषिसँग व्यापारीबारे सोध्नु ....... ऋषिले साँचो कुरा बताउनु ....... व्यापारीलाई डाँकाले भेट्टाउनु ....... व्यापारी मारेको पाप ऋषिलाई पनि लाग्नु ....... ऋषि पश्चात्तापमा पर्नु..........।

क्रमशः

**(ख) कुनै एउटा प्रतियोगितामा आफू प्रथम भएर पुरस्कृत हुँदाको क्षणलाई समेटी एउटा मनोवाद तयार पार्नुहोस् ।**

**१३. कुनै एक प्रश्नको उत्तर लेख्नुहोस् :** ४

(क) विद्यालयद्वारा आयोजित खेलकुद कार्यक्रम सञ्चालनका लागि आर्थिक सहयोग गरिदिन अनुरोध गर्दै वडाध्यक्षलाई लेख्ने निवेदनको नमुना तयार पार्नुहोस् ।

(ख) आफ्नो विद्यालयको वार्षिकोत्सव कार्यक्रमलाई समेटी एउटा समाचारको नमुना तयार पार्नुहोस् ।

**१४. दिइएको अनुच्छेदबाट मुख्य मुख्य चारओटा बुँदा टिप्नुहोस् :** २

देवकोटाले जे लेखे र जुन जुन जिम्मेवारी पाए, प्रायः ती सबैमा उनले राष्ट्रको हितमा काम गरेर आफ्नो अब्बलता प्रदर्शन गरे । देवकोटा आफूले हात हालेका हरेक क्षेत्रमा एक असल व्यक्तित्वका रूपमा चिनिए, उनका चेला आज पनि उनी जस्तो शिक्षक र प्राध्यापकसँग तुलनीय व्यक्ति भेट्न नसकेको कुरा गर्छन् । शिक्षामन्त्री हुँदा नेपाली भाषालाई पठनपाठनमा अनिवार्य विषयका रूपमा लागु गर्ने गराउने कार्यमा उनैको विशेष पहलकदमी रह्यो । तत्कालीन नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानको स्थापनामा सक्रिय संलग्न भएर संस्थागत रूपमा साहित्य र संस्कृतिको विकासको ढोका खोल्ने कार्यमा योगदान चिरस्मरणीय रहेकै छ ।

**१५. दिइएको अनुच्छेदबाट एक तृतीयांशमा सारांश लेख्नुहोस् :** ३

अधिकारभन्दा कर्तव्य महान् छ । कर्तव्यभन्दा ठुलो अर्को कुनै वस्तु हुन सक्तैन । त्यसैले त हाम्रा धर्मग्रन्थ र उपनिषद्मा कर्तव्यको महिमा र सर्वोच्चताको चर्चा छ । हाम्रा मात्र होइन संसारका सबै धर्मग्रन्थमा कर्तव्यलाई महान् ठानिएको पाइन्छ । आफ्ना माता, पिता र गुरुप्रतिको कर्तव्यलाई हाम्रा ग्रन्थले "मातृ देवो भव, पितृ देवो भव, आचार्य देवो भव", भनेर उल्लेख गरेका छन् । अर्को कुरा संसारमा त्यही व्यक्ति आदर्श व्यक्तिका रूपमा चिनिन्छ जो कर्तव्य पालनाको कसीमा खारिएको हुन्छ ।

**१६. दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :** ४+४=८

**(क) दिइएको कवितांशका आधारमा सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :**

कर्ममा छ भने शक्ति जङ्गलै बन्छ नन्दन
घोटिएर सयौँपल्ट दाउरो बन्छ चन्दन

भएमा उच्च सङ्कल्प छैन केही असम्भव
सङ्कल्पैले बनेका हुन् महान् मान्छेहरू सब ।

**प्रश्नहरू**

(अ) 'घोटिएर सयौँपल्ट दाउरो बन्छ चन्दन' भन्नुको तात्पर्य के हो ?

(आ) कवितांशमा मानिस कसरी महान् बन्न सक्छ भनिएको छ ?

**(ख) दिइएको जीवनीको अंशका आधारमा सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :**

मानव वेदनाको जीवन्त चित्रण भएका कला सिर्जनामा पिकासोले आफ्नो सम्पूर्ण जीवन समर्पण गरे । उनलें कलामार्फत बन्दुकभन्दा कलम र कुची बलियो हुन्छ भन्ने दसी प्रस्तुत गरे र कलामार्फत युद्धलाई खरो रूपमा व्यङ्ग्य गरे । त्यसैले त नाजीहरूले पिकासोलाई जर्मनीमा चित्र प्रदर्शन गर्न दिएनन् । उनले भिखारी, जेलमा थुनिएका, दुःख पाएका, हेपिएका र सीमान्तकृत मान्छेका साथै गम्भीर मानसिक समस्या भएका व्यक्तिका चित्रसमेत बनाए । उनले महिलाका मार्मिक र प्रेमिल चित्र पनि बनाए । उनी केबल मान्छेको बाहिरी आवरण मात्र कहाँ हो र, ती व्यक्तिका भित्री वेदना, संवेदना, संवेग, मर्म र सौन्दर्य मूर्त बनेर उनका अमूर्त चित्रभित्र चित्रित हुन्थे ।

**प्रश्नहरू**

(अ) माथिको अंशमा 'बन्दुकभन्दा कमल र कुची बलियो हुन्छ ।' भन्नुको ताप्पर्य के हो ?

(आ) माथिको अंशमा पिकासोको चित्रमा कस्ता कस्ता विशेषता रहेको उल्लेख गरिएको छ ?

**१७. यदि 'कर्तव्य' कथाका पात्र मुरलीधरका ठाउँमा तपाईं हुनुभएको भए आफ्ना भाइप्रति कस्तो व्यवहार गर्नुहुन्थ्यो ? तर्क दिएर लेख्नुहोस् ।** ४

**१८. कुनै एक उद्धरणको व्याख्या गर्नुहोस् :** ४

(क) नेपाल बाँचे नेपाली हाम्रो गौरव बाँच्ने छ
नेपाली भाषा संस्कृति कला साहित्य साँच्ने छ ।

(ख) नेपाल आयुर्वेद औषधीका लागि भूस्वर्ग हो ।

**१९. कुनै एक प्रश्नको समीक्षात्मक उत्तर लेख्नुहोस् :** ७

**(क) दिइएको कथांशका आधारमा सोधिएको प्रश्नको उत्तर लेख्नुहोस् :**

"याङ्जी त्यो दुर्घटनामा कमल नबितेको भए तिमी मेरी बुहारी नै रहन्थ्यौ । अहिले तिमी मेरी छोरी हौ । म महसुस गर्न सक्छु एक्लो बाँच्न कति सकस हुन्छ भनेर । मैले कमलको बुबाविना बिताएको यो १९ वर्षले बोध गराएको छ । म बुभ्छु तिम्रो मनस्थिति । तिमी उनीसँग भावी जीवन विताउन तयार छ्यौ भने मैले रोक्ने कुरै छैन तर एउटा सर्त छ ।" आमाले अगिपछि भन्दा मसिनोसँग भन्नुभयो ।

**प्रश्न**

(अ) सासु र बुहारीको सम्बन्धलाई कसरी प्रस्तुत गरेको छ ? कथांश र कथाका आधारमा समीक्षा गर्नुहोस् ।

क्रमशः

**(ख) दिइएको एकाङ्कीको अंशका आधारमा सोधिएको प्रश्नको उत्तर लेख्नुहोस् :**

किन बस्ने यहाँ ? एक गाँस खांनाका निम्ति नोकरी गर्नुपरे आफ्नै घरमा आफ्नै दाजुभाइहरूको गरौँला । जति पसिना बहाउनुपरे पनि आफ्नै घरबारीमा बहाऔँला । एक गेडा मकै भए पनि आफ्नै माटामा उब्जाउँला । यसरी सबैको हेलाहाँसो भएर म त बस्दिनँ यहाँ । साराले आफ्नै देशमा काम पाएका छन्, हामीले विदेशमा यसरी लत्रेर बस्नुपर्छ र ? कहाँ आफ्नो चाडबाड, पर्वमेला, तीर्थव्रत सब छाडेर अर्काको कमारो भएर बस्ने ?

**प्रश्न**

(अ) 'घरको माया' एकाङ्कीमा देशप्रेमको भावनालाई कुन रूपमा चित्रण गरिएको छ ? माथिको अंश र पाठका आधारमा समेत चर्चा गर्नुहोस् ।

**२०. कुनै एक शीर्षकमा १५० शब्दसम्मको निबन्ध लेख्नुहोस् :** **७**

(क) परिवारप्रति मेरो दायित्व

(ख) प्राविधिक शिक्षा : आजको आवश्यकता

(ग) वातावरण र जनस्वास्थ्य

-ॐ-

Symbol No. ....................  RE - 1021'SP'

**SEE 2082 (2026)**

**अनिवार्य नेपाली**

**समय : ३ घण्टा** **पूर्णाङ्क : ७५**

**दिइएको निर्देशनका आधारमा आफ्नै शैलीमा सिर्जनात्मक उत्तर लेख्नुहोस् :**

**१. समूह 'क' मा दिइएका शब्दको अर्थ समूह 'ख' बाट पहिचान गरी जोडा मिलाउनुहोस् :** २

| समूह 'क' | समूह 'ख' |
|---|---|
| रद्दी | दुब्लो |
| उदात्त | झझल्को |
| आभास | अनुहार |
| जुम्सो | काम नलाग्ने |
| | सिपालु |
| | उदार |

**२. दिइएको अनुच्छेदबाट उपयुक्त शब्द पहिचान गरी खाली ठाउँ भर्नुहोस् :** २

आउँदो साल विगतका समयभन्दा रमाइलो हुने आशा छ। प्रविधिको पहुँचले मानिसलाई दिन प्रतिदिन सुखी र खुसी बनाएको छ। यसकारण हरेक पलमा मानिस रमाउन चाहन्छ।

(क) 'चाहना' को पर्यायवाची शब्द............हो।

(ख) 'आगत' को विपरीतार्थक शब्द............हो।

(ग) अनेकार्थी शब्द ............ हो।

(घ) 'समय' को लघुतावाची शब्द............हो।

**३. दिइएको अनुच्छेदबाट एउटा उखान र एउटा अनुकरणात्मक शब्द पहिचान गरी अनुच्छेदको भन्दा फरक वाक्यमा प्रयोग गर्नुहोस् :** २

सबैले नेपाली विषयको परियोजना कार्य मिलेर गऱ्यौं। सुरुमा कतिपय साथी सक्रिय भएनन्। शिक्षकले एक हातले ताली बज्दैन भनेपछि सबैले आआफ्ना काम खुरुखुरु गर्न थाले। एकले थुकी सुकी सयले थुकी नदी भने झैं समूहमा मिलेर काम गर्दा नतिजा राम्रो आयो र हामी खुसीले गदगद भयौं।

**४. (क) दिइएका शब्द समूहबाट शुद्ध शब्द छानी लेख्नुहोस् :** १

| | | | | |
|---|---|---|---|---|
| (अ) | त्रिविधता | विविधता | विविधता | विविधता |
| (आ) | पञ्चतत्त्व | पंचतत्त्व | पङ्चतत्त्व | पन्चतत्त्व |

**(ख) दिइएको वाक्यलाई शुद्ध पारी लेख्नुहोस् :** २

आजका सफल नागरीक सुचना र प्रविधिमा परिचित पोख्त र दछ्य हुनुपर्छ।

**५. दिइएको अनुच्छेदमा रेखाङ्कन गरिएका शब्दको पदवर्ग पहिचान गरी लेख्नुहोस् :** ३

<u>सानी</u> मेलाबाट साथी<u>सँग</u> गफ गर्दै घर गई र <u>ऊ</u> <u>ठुली</u> दिदीसँग मिलेर <u>खुरुखुरु</u> काम गर्न <u>थाली</u>।

क्रमशः

६. दिइएका प्रश्नको उत्तर लेख्नुहोस् : २+२= ४

(क) दिइएको अनुच्छेदबाट उपसर्ग लागेका दुईओटा र प्रत्यय लागेर बनेका दुईओटा शब्द पहिचान गरी निर्माण प्रक्रियासमेत देखाउनुहोस् :
आयुर्वेद उपचार पद्धतिले मानवीय स्वास्थ्य सुरक्षामा विशेष जोड दिन्छ । ग्रामीण र सहरिया जीवनलाई सुमधुर बनाउन यसको भूमिका ठुलो छ ।

(ख) दिइएको अनुच्छेदबाट एउटा समस्त शब्द पहिचान गरी विग्रह गर्नुहोस्, एउटा विग्रह पदावली पहिचान गरी समस्त शब्द बनाउनुहोस् र द्वित्व भएर बनेका दुईओटा शब्द पहिचान गरी निर्माण प्रक्रिया देखाउनुहोस् :
वुबाले हामी दिदीभाइलाई झैझगडा नगरी काम गर्न भन्नुभयो । हामी पनि डोकोनाम्लो वोकेर खेतवारीतिर गयौँ । बुबा खाजासाजा बनाउन थाल्नुभयो । धारामा लामो पुच्छर भएको चरो आएर बस्यो । आमा त्यसलाई धपाएर गाईको गोठतिर जानुभयो । हामी सबैले आआफ्ना काम राम्ररी गर्‍यौँ ।

७. दिइएका वाक्यलाई भविष्यत् कालको सामान्य पक्षमा परिवर्तन गर्नुहोस् : २
तिमी हरेक दिन पुस्तकालय जान्छौ । तिमी मन पर्ने पुस्तक खोजी खोजी पढ्छौ । तिमी पढेका पुस्तकका विषयमा साथीसँग छलफल गर्छौ । तिमी साथीलाई पुस्तक पढ्न प्रेरणा दिन्छौ ।

८. कुनै एक प्रश्नको उत्तर लेख्नुहोस् : २

(क) सम्भावनार्थक भावका फरक फरक क्रियापदको प्रयोग गरी चार वाक्यमा आफ्नो टोलको वर्णन गर्नुहोस् ।

(ख) दिइएका तृतीय पुरुषका वाक्यलाई प्रथम पुरुषमा परिवर्तन गरी अनुच्छेद पुनर्लेखन गर्नुहोस् :
उसले धेरै पढेको छ । ऊ सबै साथीलाई पढ्ने सल्लाह दिन्छ । ऊ पढेको कुरालाई व्यवहारमा प्रयोग गर्छ । ऊ आफूलाई सबैतिर चिनाउन चाहन्छ ।

९. कोष्ठकमा दिइएका सङ्केतका आधारमा वाक्य परिवर्तन गर्नुहोस् : ४

(क) रामभरोस वजार गएर सामान किन्छ । (वाक्य विश्लेषण)
(ख) मैले उपन्यास पढेँ । (कर्मवाच्य)
(ग) भाइले खानेकुरा खायो । (प्रेरणार्थक)
(घ) आमाले भन्नुभयो, "सबैले घरको काम गर्नुपर्छ ।" (अप्रत्यक्ष कथन)

१०. दिइएको अनुच्छेद पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् : ४
भाइका कुरा सुनेर मुरलीधरले वर्र आँसु झारे । मुरलीधर रोएको देखेर श्रीधरका जंहान, छोराछोरी पनि रुन लागे । एकछिनपछि मुरलीधरले भाइका निधार, छाती, हात, गोडा सबै अङ्ग छामे । उनको शारीरिक गति देखेर मुरलीधरको हृदयमा दुःखको कोलाहल मच्चियो । केही बेरपछि छातीमा भक्कानु पारेर आँसु झार्दै भने, "बिसेक हुन्छ वा हरेस नखाऊ ।

बाले आफ्नो जीवनमा अनन्य पुण्य गर्नुभएको छ । उहाँको त्यस महान् तपस्याका प्रभावले हाम्रो अनिष्ट कदापि हुने छैन । बरु अब यहाँका वैद्यको भर गरेर बस्नुभएन । तिमीलाई देशतिर औषधी गर्न लैजान्छु ।"

**प्रश्नहरू**

(क) 'भाइका कुरा सुनेर मुरलीधरले बर्र आँसु झारे ।' यस वाक्यलाई अकरणमा परिवर्तन गर्नुहोस् ।

(ख) रेखाङ्कित 'मुरलीधरले' शब्दको कारक र विभक्ति पहिचान गरी लेख्नुहोस् ।

(ग) 'बाले आफ्नो जीवनमा अनन्य पुण्य गर्नुभएको छ ।' यस वाक्यको उद्देश्य र विधेय पहिचान गरी लेख्नुहोस् ।

(घ) 'उनको शारीरिक गति देखेर मुरलीधरको हृदयमा दुःखको कोलाहल मच्चियो ।' यस वाक्यलाई मिश्र वाक्यमा परिवर्तन गर्नुहोस् ।

**११. दिइएको गद्यांश पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :** ४

नेपाललाई जलस्रोतका दृष्टिले धनी देश मानिन्छ । हिमाल, पहाड र तराईमा फैलिएका सयौँ नदी, खोल्सा, झरना तथा मुहानले नेपाललाई जलसम्पदामा सम्पन्न बनाएका छन् । पानीको मात्रा र नदीको बहावका आधारमा विश्व जलसम्पदामा नेपालको उल्लेखनीय योगदान छ । नेपालमा बहने नदी प्रायः हिमाली क्षेत्रबाट उत्पन्न हुने भएकाले वर्षभरि निरन्तर पानीको प्रवाह भइरहन्छ । यही जलस्रोतले नेपाललाई आर्थिक, सामाजिक तथा पर्यावरणीय रूपमा विकास गर्ने ठुलो आधार प्रदान गर्छ । विशेष गरी जलविद्युत् उत्पादन, सिँचाइको विस्तार, खानेपानी आपूर्ति, पर्यटन प्रवर्धन तथा जल यातायात आदि क्षेत्रमा नेपालको जलस्रोतको उपयोगको ठुलो सम्भावना छ । सिँचाइको पहुँच बढेमा कृषि उत्पादनमा गुणात्मक वृद्धि हुन सक्छ । यसले मुलुकलाई आत्मनिर्भर बन्न मदत गर्छ । जलस्रोतको उपयोग गरी अधिकतम जलविद्युत् उत्पादन गर्नुपर्छ । उत्पादित जलविद्युत् उपयोग भएमा नेपालले विदेशी ऊर्जामा निर्भरता घटाउन सक्छ । अतिरिक्त विद्युत् निर्यात गरी आर्थिक आय वृद्धि गर्न पनि सक्छ । जलवायु परिवर्तनले जलस्रोत संरक्षण र वैज्ञानिक व्यवस्थापनमा चुनौती थपिएका छन् । यदि नेपालले जलस्रोतलाई सुव्यवस्थित रूपमा विकास गर्न सफल भयो भने मुलुकको उज्ज्वल आर्थिक भविष्य निर्माण गर्न सकिन्छ ।

**प्रश्नहरू**

(क) नेपालका प्रमुख जलस्रोत के के हुन् ?

(ख) नेपालमा नदीको प्रवाह किन वर्षभरि भइरहन्छ ?

(ग) जलस्रोतले कृषि क्षेत्रमा कस्तो सुधार ल्याउन सक्छ ?

(घ) जलविद्युत्को विकासले नेपालको आर्थिक भविष्यमा कसरी प्रभाव पार्न सक्छ ?

**१२. कुनै एक प्रश्नको उत्तर लेख्नुहोस् :** ४

**(क) दिइएका बुँदाका आधारमा कथा तयार पारी शीर्षकसमेत लेख्नुहोस् :**

कुनै वनमा धेरै परेवा बस्नु..........वनको नजिकै किसानको खेत हुनु......परेवा सधैँ खेतमा गई धान खाने गर्नु.......किसानले परेवालाई जाल थाप्नु........परेवामध्ये बुढो परेवाले जाल देख्नु.......उसले अरू परेवालाई सतर्क गराउनु .......बुढो परेवाबाहेक अरू सबै जालमा पर्नु........जालमा परेका परेवाले पछुताउँदै जालबाट बचाउने जुक्ति निकाल्न बुढो परेवालाई अनुरोध गर्नु.......किसान आएर जाल झिक्ता सबैले मरे जस्तै गर्नु र जाल झिकेपछि सबै एकै साथ उड्नु भन्ने सल्लाह दिनु.....बुढो परेवाको सल्लाहअनुसार सबै परेवाले त्यसै गर्नु......सबै परेवा बाँच्नु ।

**(ख) वडास्तरीय खेलकुद प्रतियोगितामा प्रथम स्थान हासिल गर्दा तपाईंका मनमा उठेका भावना समेटी एउटा मनोवाद लेख्नुहोस् ।**

**१३. कुनै एक प्रश्नको उत्तर लेख्नुहोस् :** ४

(क) 'जानकी पुस्तक पसल' धनुषाका तर्फबाट कक्षा १० का अनिवार्य विषयका पाठ्यपुस्तक उपलब्ध गराइदिन अनुरोध गर्दै जनक शिक्षा सामग्री केन्द्र, लिमिटेड, सानोठिमी भक्तपुरलाई लेख्ने पत्रको नमुना तयार पार्नुहोस् ।

(ख) अर्गानिक मह उद्योगद्वारा उत्पादित शुद्ध महको व्यापार प्रवर्धनका लागि गरिने विज्ञापनको नमुना तयार पार्नुहोस् ।

**१४. दिइएको अनुच्छेदबाट मुख्य मुख्य चारओटा बुँदा टिप्नुहोस् :** २

कर्तव्यभन्दा अधिकार नै महान् छ । व्यक्तिको व्यक्तित्व विकास र जीवनयापनका लागि अधिकार नितान्त अनिवार्य कुरा हो । हेक्का राखौँ, अधिकारले मात्र मानिसको स्वतन्त्रताको रक्षा गर्छ, कर्तव्यले होइन । अधिकारको बगैँचामा मात्र व्यक्तिको व्यक्तित्वको फूल फुल्छ । व्यक्तिले परिवार, समाज र राज्यबाट प्राप्त गर्ने अधिकार पाउनुपर्छ र मात्र त्यो व्यक्तिको व्यक्तित्व उज्यालो बन्छ । सानो छँदा राम्रो लालनपालन र पोषणयुक्त खाना ने अधिकार पाउनुपर्छ । अलिक हुर्कंदै जाँदा शिक्षा र स्वास्थ्यको अधिकार पाउनुपर्छ । पढिसकेपछि उसले व्यवसाय र रोजगारको स्वच्छ प्रतिस्पर्धामा सहभागी हुने अधिकार पाउनुपर्छ । यसो भयो भने मात्र व्यक्तिको व्यक्तित्व विकास हुन सक्छ । हरेक व्यक्तिको विकास हुनु नै त्यो परिवार, समाज र राष्ट्रको समेत विकास हुनु हो ।

**१५. दिइएको अनुच्छेदबाट एक तृतीयांशमा सारांश लेख्नुहोस् :** ३

मेरो देशको शिक्षा ज्ञान र विज्ञानको सङ्गम बन्नुपर्छ । यस्तो शिक्षाबाट पाइने ज्ञान वा चेतनाले मानिसलाई कर्तव्य, दायित्व, सद्गुण आदि सिकाउँछ । मानवीय स्वभाव र कर्मलाई सही मार्गमा लाग्न प्रेरित गर्दै कुनै कुराका फाइदा र बेफाइदाको व्याख्या गर्न सिकाउँछ । यसले मानिसलाई नैतिकवान्, सहिष्णु, दक्ष र विवेकशील बनाउन आवश्यक पर्ने नैतिक, सांस्कृतिक र वैज्ञानिक शिक्षाको सन्तुलनमा जोड दिन्छ । ज्ञान र विज्ञानले युक्त शिक्षाको आर्जन गर्ने आजका विद्यार्थीमा व्यक्तिगत जीवन र

क्रमशः

सामाजिक जीवनका बारेमा गहिरो ज्ञान हुने छ । यस्ता विद्यार्थीको व्यक्तित्व विकासमा समेत यसले टेवा पुऱ्याउँछ । मेरो देशको शिक्षाले उत्पादन गरेका व्यक्तिमा सकारात्मक गुण भरिपूर्ण हुनुपर्छ । त्यसैले शिक्षित व्यक्तिमा शिष्टाचार, प्रतिवद्धता, सांस्कृतिक सद्भाव, सामाजिक सद्व्यवहारका क्षमता हुनु जरुरी छ भन्ने मलाई लाग्छ । त्यस्ता व्यक्तिमा प्रतिकूल परिस्थितिमा शान्त रहने, संवेग र भावनाका विभिन्न अवस्थालाई आफैं व्यवस्थापन गर्ने र परिस्थितिलाई धैर्यपूर्वक सामना गर्ने विशेषता हुनु जरुरी छ । साथै नेतृत्व गर्ने क्षमता, अनुशासन, सत्य र त्रुटि बुझ्ने क्षमता, निरन्तर सुधार गर्ने क्षमता शिक्षित व्यक्तिमा देखिनु जरुरी छ ।

**१६. दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :** **४+४=८**

**(क) दिइएको कविताांशका आधारमा सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :**

पहाडले भन्छ पसिना पाए म स्वर्ग भुलाउँथें
तराई भन्छ सिँचाइ पाए म सुन फुलाउँथें

के छ र गाह्रो होस्टेमा हैंसे सबैले मिलाए
सबैले चोखो श्रम र सिप स्वदेशमै लगाए ।

**प्रश्नहरू**

(अ) पहाडलाई पसिना र तराईलाई सिँचाइ किन चाहिएको छ ?
(आ) 'श्रम र सिपलाई स्वदेशमै लगाउनुपर्छ ।' भन्नुको तात्पर्य के हो ?

**(ख) दिइएको निबन्धांश पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :**

जे होस् ल, आफ्नै कुरा गरुँ, धेरै पटक भैसक्यो, एउटा लेख तपाईंले मसित माग्नुभएको तर पटकपिच्छे मैले पर्खनोस् भन्दै आएको छु, पर्खाएको छु । सम्पादक जस्तो मान्छेले पनि जागिरदार कहाँ ऋण माग्न गएको जैरे कहिँलो झैं पटकै पिच्छे लुत्रे कान लगाएर फर्कनुपर्ने जङ चल्नु स्वाभाविकै हो । जङ्गिदाजङ्गिँदै जङ्गबहादुर बने पनि के लाग्छ र ? अर्काको हातबाट कुनै काम लिनु छ भने आफ्नो बाबु साक्षी राखेर तपाईंले पर्खनुपर्छ । चिल्लो शब्दमा तपाईंले धैर्य गर्नुपर्छ । अझ भनूँ, भने झुल्नुपर्छ, धाउनुपर्छ, पर्खनुपर्छ । सभ्य शिक्षित चिल्ला शब्द प्रयोग गर्छन् । आखिर पर्खन सबै पर्खन्छन्, सबै पर्खाउँछन् ।

**प्रश्नहरू**

(अ) निबन्धांशमा शिक्षित मानिसलाई किन व्यङ्ग्य गरिएको हो ?
(आ) कसैसँग काम लिनका लागि पर्खनै पर्ने चलन हटाउन के गर्नुपर्ला ?

**१७. राजेन्द्रलक्ष्मीले गरेका सबै कार्य राष्ट्रियता र स्वाधीनताका लागि मात्र छन् त ? कथाका आधारमा तर्क दिएर लेख्नुहोस् ।** **४**

१८. **कुनै एक उद्धरणको व्याख्या गर्नुहोस् :** ४

(क) उदात्त कर्मको यात्रा गर्दछन् जो सधैं सधैं
आदर्श नमुना मान्छे वन्दछन् विश्वमा तिनै ।

(ख) वन्दुकभन्दा कलम र कुची वलियो हुन्छ ।

१९. **कुनै एक प्रश्नको समीक्षात्मक उत्तर लेख्नुहोस् :** ७

**(क) दिइएको जीवनीको अंश पढी सोधिएको प्रश्नको उत्तर लेख्नुहोस् :**

देवकोटाको साहित्यिक यात्रा विचार र सिर्जनात्मक प्रवृत्तिका दृष्टिले पनि आरोह अवरोहपूर्ण रह्यो । सुरुमा संसारलाई घनघोर दुःख सागर ठान्ने देवकोटाले मानव सेवालाई धर्म र कर्मलाई ईश्वरको पूजा ठान्दै 'भिखारी' कवितामा मानवतावाद र कर्मवादको शङ्खनाद गरे ।

**प्रश्न**

(अ) लक्ष्मीप्रसाद देवकोटाले नेपाली साहित्यका क्षेत्रमा दिएको योगदानको समीक्षा गर्नुहोस् ।

**(ख) दिइएको एकाङ्कीको अंश पढी सोधिएको प्रश्नको उत्तर लेख्नुहोस् :**

किन बस्ने यहाँ ? एक गाँस खानका निम्ति नोकरी गर्नुपरे आफ्नै घरमा आफ्नै दाजुभाइको गरौंला । जति पसिना बहाउनुपरे पनि आफ्नै घरबारीमा बहाऔँला । एक गेडा मकै भए पनि आफ्नै माटामा उब्जाउँला । यसरी सबैको हेलाहाँसो भएर म त बस्दिनँ यहाँ ।

**प्रश्न**

(अ) 'घरको माया' एकाङ्कीमा बतासेद्वारा कस्तो देशप्रेमको भावना प्रस्तुत गरिएको छ ? माथिको अंश र पाठका आधारमा समीक्षात्मक उत्तर लेख्नुहोस् ।

२०. **कुनै एक शीर्षकमा १५० शब्दसम्मको निबन्ध लेख्नुहोस् :** ७

(क) ज्येष्ठ नागरिकप्रति मेरो दायित्व

(ख) लोकतन्त्र र मानव अधिकार

(ग) पुस्तकालयको महत्त्व

-☙-